का.जि.प्र.का.द.नं. १००/०५९/६०
२१ असोज २०८२
मंगलबार
7 October 2025
Tuesday
नेपाल संवत् ११४५
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक


ई-पेपर हेर्न

वर्ष २३, अंक २४१ । पृष्ठ ८

Madhyanha National Daily

www.madhyanhadaily.com

# भिजिट भिसामा १ वर्षमै उडे पौने ३ लाख



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २० असोज

घुम्न भनेर भिजिट भिसामा विदेश जाने नेपालीहरूको संख्या ठुलो छ। गृह मन्त्रालयका अनुसार २०२४ को एक वर्षको अवधिमा मात्रै २ लाख ७४ हजार ४ सय २८ नेपाली नागरिक भिजिट भिसामार्फत विदेश गए। त्यसमध्ये कति नेपाल फर्किए भन्ने यकिन तथ्यांक भने सरकारसँग छैन ।

विघटित प्रतिनिधि सभाले पछिल्लो अधिवेशनमा गरेका कामकारबाही सार्वजनिक गरेको छ। गत भदौ २७ गते प्रतिनिधि सभा विघटन भएको हो ।

भदौ २३ र २४ गते जेनजीले आन्दोलन गरेका थिए । आन्दोलन क्रममा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली राजीनामा दिन बाध्य भए। तर प्रतिनिधि सभाबाटै सरकार बन्ने अवस्था बनेन । त्यसपछि पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा अन्तरिम सरकार बनेको छ । अन्तरिम सरकारको सिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेलले गत भदौ २७ गते प्रतिनिधि सभा विघटन गरेका हुन् । नयाँ प्रतिनिधि सभाको चुनाव आगामी फागुन २१ गतेका लागि तोकिएको छ ।

विघटन भएपछि संसद् सचिवालयले विघटित प्रतिनिधि सभाको कामकारबाही सार्वजनिक गरेको हो । जसमा सांसदका लिखित प्रश्न र सम्बन्धित मन्त्रालयका जवाफसमेत समावेश छ । सोही विवरणमा एकै वर्षमा भिजिट भिसामा पौने ३ लाख नेपाली विदेश उडेको तथ्यांक पनि छ ।

सदस्य सोबिता गौतमले संसद् सचिवालयमार्फत गृह मन्त्रालयलाई लिखित प्रश्न गरेकी थिइन्, 'सन् २०२४ मा भिजिट भिसाको प्रयोजनमा कति नेपाली नागरिक विदेश प्रस्थान गरे ? तीमध्ये कति नागरिक तोकिएको अवधिभित्र स्वदेश फर्किए ? जो फर्किएनन्, तिनीहरूको विवरण के सरकारले अभिलेखमा राखेको छ ?' पृष्ठ २ मा

**फर्किनेको छैन तथ्यांक**

भिजिट भिसामा विदेश गएका नेपाली नागरिकमध्ये कति स्वदेश फर्किए भन्ने यकिन तथ्यांक सरकारसँग छैन ।

# प्रहरीले लिएन ओली–लेखकविरुद्धको जाहेरी

**मध्यान्ह संवाददाता**
काठमाडौं, २० असोज

जेनजी आन्दोलनका क्रममा प्रहरीबाट युवा मारिएको घटनामा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली र गृहमन्त्री रमेश लेखकविरुद्ध जेनजी अगुवाले उजुरी दर्ताको प्रयास गरेका छन् । ओली र लेखकलाई पक्राउ गराउन अभियान चलाइरहेका 'हामी नेपाल'का संस्थापक सुदन गुरुङ किटानी जाहेरी लिएर प्रहरीमा पुगे पनि दर्ता भएन ।

सुशीला कार्की नेतृत्वको सरकारमा हस्तक्षेपकारी भूमिका खेलेका गुरुङ काठमाडौं जिल्ला प्रहरी परिसर भद्रकालीमा लिखित जाहेरी दिन गएका थिए । प्रहरीले जेनजी आन्दोलनको घटना छानबिनका लागि जाँचबुझ आयोगले काम गरिरहेको भन्दै जाहेरी दर्ता गर्न इन्कार गरेको बताइएको छ । प्रहरीले जाहेरी दर्ता नगराएपछि गुरुङ 'सडकबाटै देखाइदिन्छौं' भन्दै प्रहरी परिसरबाट बाहिरिएको बताइएको छ । जेनजी आन्दोलनबाट सत्ता उलटफेरपछि कार्की नेतृत्वको नागरिक सरकार बनेपछि उनी बिनाकुनै औपचारिक भूमिका बालुवाटारमा सक्रिय छन् । सरकारका हरेक बैठकहरूमा सहभागी भएर गुरुङले सूचना लिने, सरकारी संयन्त्रलाई निर्देशन दिनेलगायत काम गर्दै आएका छन् ।





उनको यस्तो गतिविधिप्रति मिश्रित टिप्पणी भइरहेको छ । गत २३ भदौमा जेनजी आन्दोलनका क्रममा संसद् भवन तोडफोड रोक्ने क्रममा प्रहरीले अन्धाधुन्ध गोली चलाउँदा २१ जनाको मृत्यु भएको थियो । प्रधानमन्त्री ओली र गृहमन्त्री लेखकले गोली चलाउन ठाडो आदेश दिएको जेनजी आन्देलनका अगुवाहरूको आरोप छ । तर आन्दोलनमा खटिएका प्रहरीलाई आन्दोलनकारीमाथि बर्बरतापूर्ण ढंगले गोली चलाउने आदेश प्रधानमन्त्री र गृहमन्त्रीले सिधै दिने व्यवस्था नरहेको पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# अन्तर्राष्ट्रिय हवाई उडानको भाडा ५० प्रतिशतसम्म वृद्धि हुन सक्ने

**मध्यान्ह संवाददाता**
काठमाडौं, २० असोज

यसपटकको अंग्रेजी नयाँ वर्षको आसपास अन्तर्राष्ट्रिय उडानको हवाई भाडा ५० प्रतिशतसम्म वृद्धि हुने आँकलन गरिएको छ । अन्तर्राष्ट्रिय उडानको हवाई भाडामा अस्वाभाविक रूपमा वृद्धि भएमा ठुलो संख्यामा वैदेशिक रोजगारमा जाने नेपाली कामदारमाथि आर्थिक मार पर्नेछ ।

हाल नेपालबाट मासिक ७० हजार हाराहारीमा वैदेशिक रोजगारमा जाने गरेका छन् । तिनीहरूमध्ये करिब ५ प्रतिशत कामदारले मात्रै रोजगारदाताबाट हवाई टिकट पाउने गरेका छन् । अन्यले हवाई टिकटको रकम आफैंले बेहोर्नुपरेको छ ।

अन्तर्राष्ट्रिय उडान विज्ञहरूले नयाँ वर्षको बिदा नजिकिँदै जाँदा हवाई भाडा ५० प्रतिशतसम्म बढ्न सक्ने अनुमान गरेका छन् । उनीहरूले चर्को मूल्यबाट बच्न अहिले बुकिङ गर्ने उपयुक्त समय भएको बताएका छन् । अहिले नै टिकट बुकिङ गर्ने यात्रुहरूले नोभेम्बरको अन्त्यसम्मको तुलनामा औसतमा ३० प्रतिशतदेखि ४० प्रतिशतसम्म बचत गर्न सक्ने बताइएको छ । खालिज टाइम्सका अनुसार दुबईदेखि लन्डनजस्तो लोकप्रिय रुटका हाल लगभग २८ दिराम रहेको भाडा छ, नोभेम्बरको पृष्ठ २ मा

## युएईमा परिवार तथा आफन्त लैजानेलाई नयाँ नियम


**युएई/मस–** संयुक्त अरब इमिरेट्स (युएई)मा परिवार लैजान चाहने नेपाली कामदारको तलब कम्तीमा ४ हजार दिराम हुनुपर्ने भएको छ। भिजिट भिसामा कडाइ गरेको युएईले परिवार तथा आफन्त लैजान चाहनेहरूका लागि नयाँ नियम लागू गरेको बताएको छ ।

कामदारको फेमिलि भिसा स्पोन्सरका लागि परिवार र इष्टमित्रलाई फरकफरक वर्गमा राखेर मासिक आम्दानीको छुट्टाछुट्टै सीमा तोकेको छ ।

एकै परिवारका बुबा आमा, श्रीमान्/श्रीमती, छोराछोरीहरूलाई लैजाने मासिक तलब न्यूनतम ४ हजार दिराम र हजुरबा, हजुरआमा, दाजुभाइ, दिदीबहिनी, नाति-नातिनीलगायत नाता सम्बन्धका व्यक्तिलाई लैजान मासिक तलब ८ हजार दिराम अनिवार्य गरिएको छ । मामा, माइजू, काका-काकी, फुपूलगायतका नाता सम्बन्धका आफन्तलाई भिजिट भिसामा स्पोन्सर गर्न पनि मासिक कम्तीमा ८ हजार दिराम तलब हुनुपर्ने व्यवस्था गरिएको छ ।

**मध्यावधि निर्वाचन**

# अलमलियो सरकार बरालिए दलहरू





जेनजी आन्दोलनले बनाएको अन्तरिम सरकारले नागरिकलाई सुशासन दिनुपपर्ने र भ्रष्टाचारको अनुसन्धान अघि बढाउनुपर्नेछ । निर्वाचनका लागि दलहरूसँग संवाद गर्नुपर्नेछ । दुईवटै विषयलाई सँगै लैजान चुनावी सरकारका लागि चुनौती हुन सक्छ ।

**डा. गोविन्दराज पोखरेल**
नेता, नेपाली कांग्रेस



सरकार र सरोकारवालामाथि अविश्वास, संशय र नकारात्मकताको दृष्टिकोणले मात्रै हेर्नुहुँदैन। नयाँ जनादेशबाटै आन्दोलकारीका माग पूरा हुने हुँदा दल र जेनजी समूहको विकल्प पनि चुनाव नै हो ।

**जैनेन्द्र जीवन**
राजनीतिक विश्लेषक

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, २० असोज

जेनजी आन्दोलनले सत्ता उलटफेर भएपछि नयाँ/पुराना राजनीतिक दलका लागि २१ फागुनको आमचुनाव अग्निपरीक्षा हुँदै छ। अन्तरिम सरकारको सफलता र असफलता पनि त्यही चुनावले गर्नेछ । निर्वाचन आयोगले तालिका सार्वजनिक गरिसक्दा पनि सरकार न दलहरू, कसैले पनि इमानदारितापूर्वक निर्वाचनलाई प्राथमिकतामा राखेको देखिँदैन ।

विघटित संसद्का दुई ठुला दल नेपाली कांग्रेस र नेकपा एमालेको गठबन्धन सरकार ढालेर जेनजी समूहको समर्थनमा पूर्वप्रधानन्यायाधीश सुशीला कार्की नेतृत्वमा चुनावी सरकार बनेको छ । नयाँ जनादेशका लागि चुनाव गराउने म्यान्डेटसहित बनेको अन्तरिम सरकार मुख्य एजेन्डामा केन्द्रित देखिँदैनन् । बेग्लाबेग्लै जेनजी समूहका संवैधानिक/असंवैधानिक मागमा सरकार रुमल्लिएको छ ।

निर्वाचनका मुख्य सरोकारवाला दल आफ्नै अन्तकलह, अन्तरसंघर्ष र पीरमा अल्झिएका छन् । निर्वाचन आयोगले चुनावको कार्यतालिकासहित आवश्यक तयारीलाई तीव्रता दिइरहँदा सरकारले विघटित संसद्का मुख्य दलहरूसँग संवादसम्म गरेको छैन । दलहरूमा पनि आन्तरिक पुनर्संरचनामा अल्मलिँदा चुनावी एजेन्डा ओठे समर्थनबाहेक अरू हुन सकेको छैन । दलहरूका गतिविधि र तयारी हेर्दा लाग्छ, दलहरू २१ फागुनमा चुनाव हुनेमै विश्वस्त छैनन् । कांग्रेस, एमाले र माओवादी केन्द्र आमचुनावभन्दा अर्ली महाधिवेशनतर्फ मोडिएबाटै उनीहरू आमचुनाव हुनेमा ढुक्क छैनन् भन्ने देखाउँछ ।

६ महिनाभित्र प्रतिनिधि सभाको चुनाव गराउने म्यान्डेटसहित राष्ट्रपति रामचन्द्र पौडेलबाट पृष्ठ २ मा

## चुनावी तालिका सार्वजनिक

निर्वाचन आयोगले चुनावका लागि आवश्यक तयारी तीव्र रूपमा अघि बढाएको छ । आयोगले निर्वाचनको कार्यतालिका नै सार्वजनिक गरिसकेको छ। कार्यतालिकाअनुसार मंसिर १ गतेदेखि १० गतेसम्म राजनीतिक दल दर्ता हुनेछ। पहिलो हुने निर्वाचन प्रणालीका लागि माघ २ गतेदेखि निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिने निर्वाचन आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिए । फागुन ३ देखि १८ गतेसम्म निर्वाचन प्रचारप्रसार हुनेछ भने फागुन १८ गतेदेखि प्रचारप्रसार निषेध अवधि लागू हुनेछ ।

त्यस्तै, निर्वाचनको दिन फागुन २१ गते बिहान ७ बजेदेखि बेलुका ५ बजेसम्म मतदान हुनेछ र मतपेटिका संकलनपछि मतगणना सुरु गरिनेछ । समानुपातिक निर्वाचन प्रणालीका पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
२१ असोज २०८२ मंगलबार
7 October 2025 Tuesday

# मनसुनजन्य विपद्‌बाट ज्यान गुमाउनेको संख्या ६० पुग्यो



**काठमाडौं/मस–** असोज १७ गते शुक्रबार रातिदेखिको वर्षाले देशभर ६० जनाको निधन भएको सशस्त्र प्रहरी बलले जनाएको छ।

निधन हुनेमा पुरुष १९, महिला २६ र नाबालक १५ रहेको सशस्त्र प्रहरी बलका सहप्रवक्ता प्रहरी नायब उपरीक्षक शैलेन्द्र थापाले जानकारी दिए।

इलाममा मात्र पुरुष १३, महिला १४ र नाबालक १० गरी ३७ जनाको निधन भएको उनले बताए।

यसैगरी पाँचथरमा पुरुष तीन, महिला चार र नाबालक एक गरी आठ जनाको निधन भएको छ। उदयपुरमा महिला दुई र नाबालक एक गरी तीन, खोटाङमा पुरुष दुई र सुनसरीमा एक जना पुरुषको निधन भएको छ।

रौतहटमा एक महिला र दुई नाबालक गरी तीन जना, मोरङ, सिन्धुली र महोत्तरीमा एक/एक जना महिलाको निधन भएको छ। यस्तै, सिन्धुपाल्चोकमा एक नाबालकको ज्यान गएको छ भने काभ्रेपाञ्चोकमा दुई महिलाको शव भेटिएको सशस्त्र प्रहरी बलले जनाएको छ।

# चार गर्भवतीको हेलिकोप्टरबाट उद्धार



**काठमाडौं/मस–** नेपाली सेनाको हेलिकोप्टरबाट चार जना गर्भवतीको उद्धार गरिएको छ। महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले राष्ट्रिय महिला सशक्तीकरण परियोजनाअन्तर्गत गर्भवती तथा सुत्केरीका लागि सञ्चालन गरेको हवाई उद्धार कार्यक्रमअन्तर्गत सोमबार इलामको माईजोगमाई-५ सिरसिरे, इलामको सन्दकपुर-१ छाँगे, पाँचथरको फिदिम-१२ पुल भञ्ज्याङ र संखुवासभाको भोटखोला-३ हुङगुङबाट चार जना गर्भवतीको नेपाली सेनाको हेलिकोप्टरबाट उद्धार गरिएको हो।

हाल उनीहरूलाई झापाको बी एन्ड सी अस्पताल र कोशी प्रादेशिक अस्पताल, विराटनगर पुर्‍याइएको छ।

# दोलखामा सवारीसाधन चेकजाँचमा कडाइ
# बढी भाडा असुल्ने २० सवारीसाधन कारबाहीमा

**राजकुमार भुजेल/मध्यान्ह**
चरिकोट, २० असोज



चाडपर्वमा यात्रुको सुरक्षित आवागमन सुनिश्चित गर्न दोलखामा सवारीसाधन चेकजाँचमा कडाइ गरिएको छ। जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय र जिल्ला ट्राफिक प्रहरी कार्यालय दोलखाले संयुक्त रूपमा सार्वजनिक सवारीसाधनमा अनुगमनलाई तीव्रता दिएका हुन्।

चाडपर्वका समयमा यात्रुहरूको भीड बढ्ने र सवारीसाधनले बढी भाडा असुल्ने, क्षमता भन्दा बढी यात्रु राख्ने लगायतका समस्या देखिने भएकाले अनुगमन तीव्र पारिएको जिल्ला ट्राफिक प्रहरी प्रमुख ठाकुर प्रसाद भट्टराईले जानकारी दिए।

उनका अनुसार अनुगमनका क्रममा तोकिएको भन्दा बढी भाडा असुल्ने २० वटा सवारीसाधन कारबाहीमा परेका छन्।

भट्टराईले भने, 'यात्रुवाहक सवारीमा सिट क्षमताभन्दा बढी यात्रु राख्ने, भीडभाड गर्ने, बढी भाडा असुल्ने र सुरक्षासम्बन्धी मापदण्ड उल्लंघन गर्ने सवारीसाधनमाथि कारबाही भइरहेको छ।'

बीपी राजमार्ग पूर्ण रूपमा खुल्न अझै केही समय लाग्ने भएकाले हाल खुर्कोट-मन्थली-चरिकोट हुँदै खाँडीचौर जोड्ने वैकल्पिक मार्ग प्रयोग भइरहेको छ। यस मार्गमा पनि यात्रुवाहक बसहरूमा यात्रुको चाप अत्यधिक देखिएको छ।

जिल्ला प्रशासन कार्यालय दोलखाका अनुसार चरिकोटबाट काठमाडौं जाने यात्रुवाहक बसहरूले तोकिएको भन्दा बढी १ हजार रुपैयाँसम्म भाडा असुल्ने गरेको पाइएको छ।

प्रमुख जिल्ला अधिकारी भोला दाहाल आफैं यात्रु बनेर छड्के चेकजाँचमा निस्कँदा सहचालकहरूले बढी भाडा असुल्ने प्रयास गरेको पाइएको थियो।

प्रजिअ दाहालले भने, 'केही सवारीका सहचालकहरूले तोकिएको भन्दा बढी भाडा असुल्ने मात्र होइन, बार्गेनिङसमेत गरेका रहेछन्। यस्तो काम सह्य छैन, कानूनी कारबाही हुन्छ।'

यातायात व्यवसायीहरूलाई भाडा तोकिएअनुसार मात्र लिन र यात्रु सुरक्षामा ध्यान दिन प्रशासनले निर्देशन दिएको छ। साथै यात्रुहरूलाई पनि बढी भाडा असुल्ने वा असुरक्षित यात्रु सेवाबारे १०० र ११४० नम्बरमा जानकारी दिन अनुरोध गरिएको छ।

# हेटौंडा-काठमाडौं जोड्ने दुई सडक सञ्चालनमा



**हेटौंडा/मस–** अविरल वर्षाका कारण अवरुद्ध भएको हेटौंडा-काठमाडौं जोड्ने दुई सडक आज बिहानदेखि सञ्चालनमा आएका छन्।

सडकमा खसेको पहिरो पन्छ्याएपछि आज बिहानदेखि हेटौंडा-कुलेखानी-फाखेल-फर्पिङ सडक खण्ड र हेटौंडा-पालुङ-नौबिसे सडक खण्ड सञ्चालनमा आएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी निरीक्षक ठाकुर सापकोटाले जानकारी दिए। उनका अनुसार पहिरो खस्दा अवरुद्ध बनेको हेटौंडा-काठमाडौं जोड्ने भीमफेदी-कुलेखानी-सिस्नेरी सडक र कान्ति लोकपथ सडक भने अझै सञ्चालनमा आउन सकेका छैनन्। भीमफेदी-कुलेखानी-सिस्नेरी सडकखण्डमा पर्ने डोढारे खोलाले सडकको केही भाग बगाएको र दक्षिणकाली मन्दिर नजिकै पहिरो गएकाले सवारीसाधन सञ्चालनमा आउन नसकेको प्रहरी निरीक्षक सापकोटाले बताए। बगाएको सडक पुनर्निर्माण तथा पहिरो पन्छ्याउने कार्य भइरहेको उनको भनाइ छ। यस्तै हेटौंडा-काठमाडौं जोड्ने कान्तिलोकपथ सडकमा पर्ने बगुवा खोलासम्म पहिरो खसेर सडकको केही भाग बगाएको प्रहरी निरीक्षक सापकोटाले बताए। ठाउँठाउँमा खसेको पहिरो पन्छ्याउने र सडक मर्मतको कार्य भइरहेको प्रहरीले जनाएको छ।

# रसुवामा वर्षापछि बेपत्ता चार जनाको खोजी जारी, १२ जनाको उद्धार



**रसुवा/मस–** अविरल वर्षाका कारण रसुवामा बेपत्ता भएका चार जनाको खोजी कार्य जारी रहेको छ। आश्विन १७ गतेदेखि १९ गतेसम्म परेको लगातार वर्षाले गोसाईंकुण्ड गाउँपालिका-५, ड्याम साइड क्षेत्र प्रभावित बनेको थियो।

ड्याम साइड इलाकातर्फ गएका १६ जनामध्ये १२ जनालाई नेपाली सेनाको श्रीनाथ गणबाट खटिएको उद्धार टोलीले उद्धार गरी स्याफ्रुवेशी ल्याएको छ। बाँकी चार जना अझै बेपत्ता रहेका छन्।

बेपत्ताहरूको खोजीका लागि नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालका संयुक्त टोलीहरूले ड्याम साइड, भाङ्गे झरना लगायत पाँच वटा विभिन्न स्थानमा खोज तथा उद्धार कार्य जारी राखेका छन्।

सुरक्षाकर्मीहरूले निरन्तर खोजी कार्यलाई तीव्र पारेका छन् भने स्थानीय बासिन्दा र अन्य उद्धारकर्मीहरू पनि सहयोग गरिरहेका छन्।

# हत्या अभियोगमा पक्राउ



**काठमाडौं/मस–** धादिङ आफ्नै आमा ५५ वर्षीया राम माया कडेलको हत्या गरेको अभियोगमा त्रिपुरासुन्दरी गाउँपालिका-५ थापाकटेरी बस्ने ३० वर्षीय यमबहादुर कडेललाई आइतबार राति प्रहरीले पक्राउ गरेको छ।

यम बहादुरले धारिलो हतियार खुँडा प्रहार गर्दा राम मायाको घटनास्थलमै मृत्यु भएको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी चौकी सल्यानकोटबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो उनले मादक पदार्थ सेवन गरेर आमामाथि खुँडा प्रहार गरेको खुलेको छ।

गुण्डा नाइके दिनेश अधिकारी ग्याङमा संलग्न यमबहादुर यसअघि पनि पटकपटक विभिन्न मुद्दामा पक्राउ पर्दै आएको जनाइएको छ। हत्याको सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको जनाएको हो। यमबहादुर जेनजी आन्दोलनमा पनि सक्रिय रुपमा देखिएका थिए।

## भिजिट...

जवाफमा गृह मन्त्रालयले अध्यागमन विभागबाट हाल सञ्चालनमा रहेको नेपाली पोर्टको अभिलेखअनुसार सन् २०२४ मा २ लाख ७४ हजार ४ सय २८ नेपाली नागरिक भिजिट भिसामार्फत नेपाल बाहिरको जनाएको छ।

नेपाली पोर्टमा नेपालबाट बाहिर प्रस्थान गर्दा कुन उद्देश्य, प्रयोजन र भिसामा प्रस्थान गर्ने हो सोको सम्पूर्ण विवरण अभिलेखमा रहने व्यवस्था छ। तर नेपाल फर्किने समयमा नेपाली नागरिकको राहदानीमा उल्लेख भएका विवरण मात्र प्रणालीमा अभिलेख राख्ने गरिन्छ। यसकारण कुन मुलुकबाट फर्किएको हो सोको विवरण अभिलेखमा देखिने तर कुन प्रयोजनमा गएर फर्किएको हो सोको विवरण नदेखिने गृह मन्त्रालयको जवाफ छ। गृह मन्त्रालयको जवाफमा अगाडि भनिएको छ, 'सन् २०२४ मा विदेश गएका नेपाली नागरिकमध्ये कति सोही अवधिमा स्वदेश फर्किए भनेर यकिन नहुने व्यहोरा अनुरोध गर्दछु।'

यो जवाफ तत्कालीन गृहमन्त्री रमेश लेखेकले लेखेका हुन्। जसमाथि संसद्मा बहस हुन पाएन।

गृह मन्त्रालयले हाल सञ्चालनमा रहेको नेपाली पोर्टलाई समय समयमा स्तरोन्नति गर्ने कार्य निरन्तर भइरहेको भने जनाएको छ। कति नेपाली समयमा फर्किए भन्नेलगायतका सूचना तथा तथ्यांकसमेत आगामी दिनमा अभिलेखमा रहने गरी सो प्रणालीलाई स्तरोन्नति गर्दै जाने प्रतिबद्धता जनाइएको छ।

## प्रहरीले...

सुरक्षा विज्ञ बताउँछन्। गोली चलाउन आदेश दिने अधिकार प्रमुख जिल्ला अधिकारीलाई हुन्छ।

भ्रष्टाचारविरुद्धको शान्तिपूर्ण आन्दोलन एकाएक हिंसात्मक भएपछि २४ भदौमा जेनजी आन्दोलनकारीले राज्यसत्ता नै कब्जा गरेर देशभरको सरकारी तथा नेताका व्यक्तिगत सम्पत्तिमाथि आगजनी गरेका थिए। सो हिंसात्मक आन्दोलनपछि सरकार विहीनताको अवस्थामा पुगेको मुलुकको शासन सत्ता चार दिनपछि २७ भदौमा पूर्वप्रधानन्यायाधीश कार्कीलाई काठमाडौं महानगरका मेयर बालेन शाह, हामी नेपाल नामक संस्थाका संयोजक सुदन गुरुङसहितको सिफारिसमा प्रधानमन्त्री बनाइएको थियो। कार्की सरकारले पूर्वन्यायाधीश गौरीबहादुर कार्कीको संयोजकत्वमा आन्दोलनको छानबिन गर्न उच्चस्तरीय जाँचबुझ आयोग गठन गरेको छ। सोही समितिलाई विस्तृत अनुसन्धान गरी दोषी देखिएका जो कोहीलाई कारबाहीका लागि सरकारलाई सिफरिस गर्ने अधिकार दिइएको छ।

## अलमलियो...

नियुक्त भएकी प्रधानमन्त्री कार्कीले तीन साता बितिसक्दासमेत मन्त्रिपरिषद् पूर्णता दिन सकेकी छैनन्। उनी मन्त्रीकै खोजीमा भौतारिएकी छन्।

जेनजी आन्दोलनकारीका तर्फबाट समेत सरकारमा सहभागी गराउनुपर्ने माग बढेपछि सरकारमा लैजाने मन्त्री छनोटमा प्रधानमन्त्री र उनको टिमलाई अप्ठ्यारो परेको प्रधानमन्त्री निकट स्रोतको दाबी छ। जेजनी आन्दोलनको रापले असामान्य परिस्थितिमा पुगेर कांग्रेस, एमाले, माओवादी केन्द्र र रास्वपालाई चुनावभन्दा आफ्नै पार्टी मिलाउनुपर्ने प्राथमिकतामा छन्। सबैजसो दलभित्र विशेष महाधिवेशनको बहस चलिरहेको छ। तर के गर्ने भन्ने निष्कर्षमा नपुगेका दलहरूलाई चुनावी माहोल निर्माणभन्दा पहिले पार्टीलाई पुनर्संरचित गर्नुपर्ने बाध्यता छ। माओवादी केन्द्रले विशेष महाधिवेशन गर्ने निर्णय गरिसकेको छ भने कांग्रेस र एमालेमा मंसिर/पुसमा महाधिवेशन गर्नुपर्ने दबाब छ। केन्द्रीय समिति बैठकले त्यसको टुंगो लगाउने ती दलले जनाएका छन्। रास्वपा पनि अन्योलमै देखिन्छ।

स्वच्छ, निष्पक्ष र धाँधलीरहित निर्वाचनका लागि दलहरूसँग आवश्यक संवाद र समन्वय गर्नुपर्ने सरकारले चुनावबाहेकका लफडामा अल्झिँदा चुनाव हुनेमा शंसय उत्पन्न हुने कांग्रेसका नेता गोविन्द्रराज पोखरेलले बताउँछन्। 'मुलुकमा बढ्दै गएको भ्रष्टाचारको अन्त्यका लागि जेनजी आन्दोलनले बनाएको अन्तरिम सरकारले नागरिकलाई सुशासन दिनुपर्नेछ,' उनले भने, 'भ्रष्टाचारको अनुसन्धानलाई अघि बढाउनुपर्नेछ। निर्वाचनका लागि दलहरूसँग संवाद गर्नुपर्नेछ। दुईवटै विषयलाई सँगै लैजान चुनावी सरकारका लागि चुनौती हुन सक्छ। सरकार र दलहरूसँग आवश्यक संवाद र सहमति नभए समयमा चुनाव हुने सम्भावना कम रहन्छ।'

कार्कीले प्रधानमन्त्री भएपछिको पहिलो अन्तर्वार्तामा नै सरकारले समयमा चुनाव गराउन नसके दुई महिनासम्म समय थप्न सकिने बताएकी थिइन्। उनको सो अभिव्यक्तिले पनि समयमा चुनाव हुनेमा संशय उत्पन्न भएको छ।

जेनजी आन्दोलनले पुराना राजनीतिक दल र नेताहरूलाई बहिष्कार गर्ने अवस्था बनेपछि पुरानै अनुहार लिएर मतदातामाझ जान सक्ने अवस्थामा दलहरू छैनन्। त्यस कारण उनीहरूका लागि चुनावभन्दा पहिले पार्टीमा नयाँपन दिनुपर्ने बाध्यता रहेको राजनीतिक विश्लेषक जैनेन्द्र जीवनले बताए। उनले भने, 'पुराना दलहरूलाई चुनावभन्दा पहिले पार्टीमा नयाँरूप दिएर जानुपर्ने बाध्यता होला तर चुनावको विकल्प छैन। दलहरू रिफर्म हुने/नहुने उनीहरूको आन्तरिक लोकतन्त्रको विषय हो।'

संसदको निर्वाचन गराउने मूल दायित्व बोकेको कार्की सरकारले प्रत्यक्ष कार्यकारी प्रधानमन्त्रीको मुद्दालाई सम्बोधन गर्न नसक्ने बताइसकेको छ। जेनजीको एउटा मुख्य मुद्दा प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्री पनि हो। तर गत साता नै प्रधानमन्त्री कार्कीले शासकीय स्वरूप परिवर्तनमा यो सरकारले काम गर्न नसक्ने प्रस्ट पारेकी छन्। जेनजीका अगुहरूले पनि संविधान संशोधनसहित व्यापक बहस र परिवर्तनका लागि चुनावमा जानुको विकल्प नभएको विश्लेषक जैनेन्द्रको भनाइ छ। 'चुनावबाहेक अर्को विकल्प छैन, कुनै राजनीतिक शक्तिलाई अथवा जेजनी आन्दोलनका अगुवालाई पनि चुनाव नहुँदा फाइदा छैन,' उनले मध्यान्हसँग भने 'सरकार र सरोकारवालामाथि अविश्वास, संशय र नकारात्मकताको दृष्टिकोणले मात्रै हेर्न हुँदैन। नयाँ जनादेशबाटै आन्दोलकारीका माग संविधान संशोधनमार्फत पूरा हुने हुँदा जेनजी समूहको विकल्प पनि चुनाव नै हो।'

सरकारलाई जेनजी आन्दोलनका अगुवाले तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली, गृहमन्त्री रमेश लेखकसहितका नेतालाई पक्राउ गर्नुपर्ने दबाब बढाएका छन्। जेनजी अभियानकर्ताले सामाजिक सञ्जालमार्फत नेताहरूलाई पक्राउ गर्नुपर्ने अभियान नै चलाउँदै आएकाले प्रधानमन्त्री कार्की अप्ठ्यारोमा परेकी छन्। जेनजी अभियान्ता सुदन गुरुङले सामाजिक सञ्जालमा 'अरेस्ट केपी शर्मा ओली-रमेश लेखक' अभियान चलाएका छन्। काउन्टरमा काठमाडौंका मेयर बालेन शाह, सुदन गुरुङलाई एरेस्ट गर्नुपर्ने पोस्टर पनि सामाजिक सञ्जालमा छताछुल्ल पारिएको छ। त्यस्तै, जेनजी मुभमेन्ट अलायन्सले अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त प्रेम राईको राजीनामा माग गरेको छ। सर्वोच्च अदालतका प्रधानन्यायाधीशलाई समेत राजीनामा दिन लगाउनुपर्ने सरकारलाई दबाब छ। प्रधानमन्त्री कार्कीको नाममा सामाजिक सञ्जाल फेसबुकमा दर्जनौं नक्कली आइडी खोलेर विभिन्न गतिविधि बढेका छन्। त्यसको व्यवस्थापनका लागि पनि प्रधानमन्त्री कार्कीले समय खर्चनुपर्नेछ। जेनजीको ग्रुप नै पिच्छे फरक-फरक एजेन्डासहितको मागले पनि उनी हैरान छिन्।

सरकार आन्दोलकारीको आदेश पालक बनेर राजनीतिक दलका नेतालाई विभिन्न बहानामा पक्राउ गर्ने, त्रसित बनाउने र आफैंले चुनाव भाँड्ने खेल हुन लागेको एमालेका नेताहरूले टिप्पणी गरेका छन्। माओवादी केन्द्रले भने चुनावको तयारीमा लाग्ने निर्णय गरेको छ। मंसिरमा विशेष महाधिवेशन तोकेको माओवादी केन्द्रले पार्टी महाधिवेशन र प्रतिनिधि सभाको चुनावको तयारी सँगसँगै गर्ने तयारीमा जुटेको पार्टी प्रवक्ता अग्नि सापकोटाले बताए।

## चुनावी...

लागि मंसिर १५ गते निर्वाचन अधिकृतको कार्यालय स्थापना हुने र पुस १८-१९ गते बन्दसूची पेस हुने कार्यक्रम तय भएको। कार्यवहाक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले बताए। प्रत्यक्षतर्फको उम्मेदवारी मनोनयको तालिका केही दिनपछि सार्वजनिक गरिने उनको भनाइ छ।

## अन्तर्राष्ट्रिय...

अन्त्यसम्ममा ४२ सय दिरामसम्म बढ्न सक्ने एक समाचारमा उल्लेख गरेको छ। मुसाफिर डटकमका सिइओ रहेश बाबुले भनेका छन्, 'हामी जति डिसेम्बरको नजिकिँदै जान्छौं, अन्तर्राष्ट्रिय हवाई यात्राको मूल्य त्यति नै बढ्छ, त्यसैले सकेसम्म चाँडो बुकिङ गर्न उपयुक्त हुनेछ।' अन्तर्राष्ट्रिय उडानका क्षेत्रमा डिसेम्बर १५-२८ को समयलाई अति व्यस्त समयका रूपमा लिने गरिएको छ। मुसाफिरका सिइओ बाबुले अन्तर्राष्ट्रिय यात्राहरूका लागि सामान्यतया ६ देखि ८ हप्ता करिब दुई महिनाअघि नै बुकिङ गर्नु उपयुक्त हुने बताए। क्लियरट्रिप अरेबियाका प्रमुख व्यापार अधिकृत समीर बागुलले पनि ग्राहकलाई अग्रिम यात्रा बुक गर्न आग्रह गरेका छन्।

**कतारमा रोजगार** | कम्पनी : AL MUFTAH CONTRACTING CO | शहर : DOHA
पूर्व स्वीकृत मितिः २०८१/०९/१९ | चलानी नं.: ६०२३०८४९ | LT. No.: 316541 | पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Worker | 26 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४६,६६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Elect Tech | 2 | 0 | | 1200 | ४६,६६८ | | | | | | | |
| 3. | Labour | 4 | 0 | | 1000 | ३८,८९० | | | | | | | |
| 4. | Painter | 3 | 0 | | 1200 | ४६,६६८ | | | | | | | |
| 5. | Plaster Technician | 41 | 0 | | 1200 | ४६,६६८ | | | | | | | |
| 6. | Plaster Worker | 2 | 0 | | 1200 | ४६,६६८ | | | | | | | |
| 7. | Technician | 8 | 0 | | 1200 | ४६,६६८ | | | | | | | |

अन्तर्वार्ता सुनसरी मल्टिपल ट्रेनिङ सेन्टर इटहरी, सुनसरीमा २०८२ असोज २७ गते (13 October 2025) मा हुनेछ।
अन्तर्वार्ता झापा प्राविधिक शिक्षालय, झापामा २०८२ असोज २८ गते (14 October 2025) मा हुनेछ।
अन्तर्वार्ता पिस ट्रेनिङ सेन्टर ललीतपुरमा २०८२ असोज २९ गते (15 October 2025) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**साउन्डलाईन्स रिक्रुटमेण्ट प्रा. लि.**
श्रम ईजाजत नं.: ५७२/०६२/०६३
पो.ब.नं. २४७८०, थसिखेल-१४, महालक्ष्मीस्थान चोक (लुम्बीनी बिकास बैंक पछाडी), ललितपुर
फोन नं. : ०१-५१९३२३६, ५१९३२३७, ५१९३२३८, ५१९३२३९, E-mail : nepal@soundlinesgroup.com
CREATING VALUE THROUGH PEOPLE

FOREIGN EMPLOYMENT OPPORTUNITY FOR KUWAIT !!
**कुवेतमा वैदेशिक रोजगारीको अवसर !!**

कम्पनी: Seazen Hospitality For Restaurant Management & Catering Co. | देश : KUWAIT
पूर्व स्वीकृत मितिः २०८२/०६/२० | चलानी नं.: ६०२४५५६० | LT. No.: 331935

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Asst Cooks | 50 | 0 | सम्बन्धित काममा दक्ष | 140 | ६५,०९३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cook General/foreign Food Cook | 50 | 15 | | 150 | ६९,७४२ | | | | | | | |
| 3. | Restaurant Hostess | 0 | 20 | | 150 | ६९,७४२ | | | | | | | |
| 4. | Steward | 50 | 15 | | 110 | ५१,१४४ | | | | | | | |
| 5. | Waiters | 50 | 15 | | 135 | ६२,७६८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८२ असोज २८ गते (14 October 2025) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० रोजगारदाताले | रु. १,५०० रोजगारदाताले | नि:शुल्क |

हामी तपाईलाई हाम्रो कार्यालय परिसरमा राखिएका मागपत्रसँग सम्बन्धित जानकारीमूलक सामग्रीहरु जस्तै पर्चा, ब्यानर फ्लेक्स आदि पुर्ण रुपमा अध्ययन गरी जानकार हुन अनुरोध गर्दछौं।
We request you to fully study and understand job-related informative materials such as flyers, banners, flex placed at our Office premises.
बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. भिषा प्राप्त भएको सुनिश्चित गर्न एजेन्सीमा सम्पर्क गर्नुहोस्। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस। ४. विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५. विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुविधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफसँग राख्नुहोला ६ काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस बिज्ञापन सम्बन्धमा थप केहि बानुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला।
Information provided by the Department of Foreign Employment (DOFE) 1.Consult with Agency for the visa confirmation that is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment (DOFE), Tahachal.

**Vision & Value Overseas Pvt. Ltd.**
License No.: 822|066|067
GPO Box: 7764, Dhapasi Marg, Basundhara, Kathmandu, Nepal
Tel. : 014379749 | 014379162 | 014379450 | 9863194839 | 9863194834 | 9863194832
Email: apply@vnvnepal.com | Website: vnvnepal.com

# चुनावमा जाने विषयमा आमसहमति छ : प्रचण्ड

**काठमाडौं/मस–** नेकपा माओवादी केन्द्रले प्राकृतिक विपद्बाट पूर्वी नेपालमा भएको जनधनको क्षतिप्रति दुःख व्यक्त गर्दै प्रभावित नागरिकको उचित व्यवस्थापन गर्न आग्रह गरेको छ।

पार्टी मुख्यालय पेरिसडाँडामा सोमबार बसेको महाधिवेशन आयोजक समितिको सचिवालय बैठकले विपद्पछिको पुनर्निर्माणमा एकजुट भएर लाग्न सबैमा आह्वान गरेको हो। बैठकले विपद् प्रतिकार्यमा खटिइएका पार्टीका नेता तथा कार्यकर्तालाई धन्यवाद दिएको प्रवक्ता अग्निप्रसाद सापकोटाले जानकारी दिए।

पछिल्लो राजनीतिक परिस्थितिका बारेमा सामान्य कुराकानी भएको उल्लेख गर्दै उनले दुई दिनपछि बस्ने सचिवालय बैठकमा यसबारेमा विस्तृत छलफल हुने बताए। बैठकमा पार्टी



एकता, समाजवादी मोर्चा र संयुक्त मोर्चा विस्तारलगायत विषयमा भइरहेको प्रगतिबारे अध्यक्ष दाहालले 'ब्रिफिङ' गरेका थिए।

बैठकमा महाधिवेशन आयोजक समिति संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले आसन्न प्रतिनिधिसभा निर्वाचनलाई सफल पार्न विघटित संसद्मा प्रतिनिधित्व गर्ने राजनीतिक दलसँग छलफल भइरहेको र घोषित मितिमै निर्वाचन सम्पन्न गर्न सकारात्मक वातावरण निर्माण गर्न नेतृत्वदायी भूमिका निर्वाह गरिरहेको जानकारी गराएका थिए। 'चुनावमा सहभागिता सम्बन्धमा सबै पार्टीभित्र सकारात्मक छलफल भइरहेको छ, अन्य पार्टीको पनि बैठकहरू बस्दैछन्, चुनावमा जानेमा आमसहमति जस्तै बन्दै छ, माओवादीले त्यसमा नै जोड गरिरहेको छ,' संयोजक दाहालको भनाइ उद्धृत गर्दै प्रवक्ता सापकोटाले भने, 'निर्वाचनसम्पन्न गरेर मात्रै संघीय लोकतान्त्रिक गणतन्त्र, संविधानलगायत राजनीतिक उपलब्धिलाई जोगाउन सकिन्छ, त्यसकारण चुनावलाई माओवादीले उच्च प्राथमिकतामा राखेको छ।'

बैठकमा महाधिवशेनको कार्यविधि बनाउने, आयोजक समिति निश्चित गर्ने र विचार, संगठन तथा राजनीतिक कार्यदिशाका बारेमा सामान्य छलफल भएको जानकारी दिए।

# तनहुँमा ९१ प्रतिशत जनसंख्यालाई स्वच्छ खानेपानीको सुविधा

**दमौली/मस–** तनहुँका ९१ दशमलव १० प्रतिशत जनसंख्यालाई स्वच्छ खानेपानी सुविधा पुगेको छ। खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयका अनुसार जिल्लाका तीन लाख २१ हजार १५३ जनसंख्यामध्ये दुई लाख ९२ हजार ५७० जनामा स्वच्छ खानेपानी सुविधा पुगेको हो।

कार्यालय प्रमुख शम्भुराज खनालले आधारभूत स्तरको खानेपानी पहुँच ५६ दशमलव ७१ प्रतिशत र मध्यमस्तरको खानेपानी पहुँच ३४ दशमलव ३९ प्रतिशत जनतामा पुगेको जानकारी दिए। घरघरमा स्वच्छ र पर्याप्त पानी उपलब्ध भएपश्चात् स्थानीय करेसाबारीमा तरकारी उत्पादन गर्न आयआर्जनमा जोडिएको उनको भनाइ छ।

जिल्लामा गत आर्थिक वर्षमा दुई हजार ९२७ घरधुरीमा खानेपानी सुविधा विस्तार भएको छ। गण्डकी प्रदेश सरकारमार्फत दुई हजार २२१, संघ सरकार ससर्त कार्यक्रममार्फत २२६ र विशेष अनुदानमार्फत ४८० घरधुरीमा



खानेपानी सुविधा विस्तार गरिएको खनालले बताए।

अघिल्लो आर्थिक वर्ष २०८०/८० मा जिल्लाका दुई हजार घरधुरीमा खानेपानी सुविधा विस्तार गरिएको थियो। त्यस्तै आर्थिक वर्ष २०७९/८० मा दुई हजार १२८, आर्थिक वर्ष २०७८/७९ मा दुई हजार २९७, आर्थिक वर्ष २०७७/७८ मा चार हजार ३१७, आर्थिक वर्ष २०७६/७७ मा दुई हजार ३५४ र आर्थिक वर्ष २०७५/७६ मा एक हजार ९०४ घरधुरीमा खानेपानी सुविधा पुगेको खनालले बताए।

चालु आर्थिक वर्ष २०८२/८३ मा जिल्लाका चार हजार ३०० घरधुरीमा खानेपानी सुविधा विस्तार गर्ने लक्ष्य रहेको खनालको भनाइ छ। प्रदेश सरकारमार्फत दुई हजार, संघ सरकार ससर्तमार्फत ८०० र विशेष अनुदानमार्फत एक हजार ५०० घरधुरीमा खानेपानी सुविधा विस्तार गरिने खनालले उल्लेख गरे।

कार्यालयले नयाँ खानेपानी आयोजनाहरूको माग, सर्वेक्षण, डिजाइन, खानेपानी आयोजनाको निर्माण कार्य कार्यान्वयन, आयोजनाको सामग्री निकासा, खानेपानी आयोजनाको निर्माणमा प्राविधिक सहयोग, आयोजनाको अनुगमन, निरीक्षण, सुपरिवेक्षण, आयोजनामा भए गरेका कार्यको मूल्यांकन तथा भुक्तानी लगायतका कार्य गर्दै आएको छ।

# भद्रकाली मन्दिर पुनर्निर्माण गर्न आठ लाख संकलन

**गण्डकी/मस–** पोखराको प्रसिद्ध धार्मिक पर्यटकीय तीर्थस्थल भद्रकाली मन्दिरको पुनःनिर्माणका लागि दसैंको अवसरमा रु आठ लाखभन्दा बढी सहयोग संकलन भएको छ। दसैंको घटस्थापनायता मन्दिरमा पूजाआजाका लागि आएका दर्शनार्थीबाट मन्दिरको पुनःनिर्माणका लागि ८ लाख ३ हजार सहयोग संकलन भएको श्री गणेश तथा भद्रकाली मन्दिर सेवा समितिका कार्यालय सचिव सूर्यप्रसाद अधिकारीले जानकारी दिए।

२०७२ साल वैशाख १२ गतेको विनाशकारी गोर्खा भूकम्प र त्यसपछिका परकम्पनले क्षति पुगेको सो मन्दिरको यसअघि सामान्य मर्मत मात्रै भए पनि पुनर्निर्माण हुन सकेको छैन।

दुई वर्ष पुरानो मन्दिर क्षतिग्रस्त बनेपछि समितिले यसको पुनर्निर्माणका लागि विस्तृत गुरुयोजना तयार गरी अघि बढेको समितिका अध्यक्ष योगेन्द्रमान श्रेष्ठले जानकारी दिए।

उनका अनुसार मन्दिरसहित परिसर क्षेत्रका विभिन्न संरचना पुनःनिर्माणका लागि १० करोड अनुमान गरिएको छ। यसबीचमा मन्दिरको प्रदक्षिणापथ, धर्मशाला



लगायतका निर्माणकार्य अघि बढेको उनले जानकारी दिए।

उनका अनुसार मन्दिरको पुनःनिर्माणका लागि पित्तलको छाना राख्ने कि भन्ने योजना भए पनि पुरातत्व विभागबाट ढुंगाको छाना राख्नुपर्ने कुरा आएको छ। समितिले मन्दिरको स्वामित्वमा रहेको जग्गा संरक्षणका योजना अघि बढाएको छ। मन्दिर स्थापनाको इतिहास खोतल्दा १९०१ सालमा रामचन्द्र खत्रीले गणेश मन्दिरको स्थापना गरेको र १९०३ सालमा गुठीको लालमोहर प्राप्त गरी मन्दिरको नित्य पूजाआजा गर्ने गरिएको पाइन्छ।

मन्दिर परिसरमा राखिएको अभिलेखमा स्व बुद्धिमान ढेवाजु तथा कालीदास ढेवाजुले भद्रकाली माताको प्रतिमा काठमाडौंबाट ल्याई मन्दिरको निर्माण गरी नित्य पूजाआजा सञ्चालन गराएको उल्लेख छ।

वरपर जंगलले घेरिएको ढिस्को र माथि मन्दिर रहेका कारण दर्शन र वरपरको दृश्यावलोकन गर्न पनि पर्यटक भद्रकाली मन्दिर आउने गरेका छन्।

वरपर जंगलले घेरिएको ढिस्को भएका कारण मन्दिरमा पुग्न फेदीबाट दुई बाटो रहेकामा पूर्वी भागबाट २ सय ९२ सिँढी उक्लनुपर्छ भने दक्षिण भागबाट २ सय ६५ सिँढी उक्लनुपर्छ। प्रत्येक वर्षको आश्विन शुक्लपक्ष र चैत शुक्लपक्षका साथै बाला चतुर्दशीमा मन्दिर परिसरमा विशेष मेला लाग्ने गरेको मन्दिरका पुजारी कृष्ण काफ्लेले जानकारी दिए। दसैंको घटस्थापनादेखि नै यस अवधिभर दैनिक ठुलो संख्यामा दर्शनार्थीले मन्दिरको दर्शन गरेको उनले बताए।

# मनसुन बाहिरिए पनि दुई प्रदेशमा वर्षाको सम्भावना

**काठमाडौं/मस–** जल तथा मौसम विज्ञान विभागअन्तर्गत मौसम पूर्वानुमान महाशाखाले नेपालको पश्चिमी भू-भागबाट यस वर्षको मनसुन बाहिरिए पनि कर्णाली र सुदूरपश्चिम प्रदेशमा वर्षाको सम्भावना रहेको जनाएको छ।

महाशाखाले सोमबार मनसुन बाहिरिए पनि पश्चिमी वायूको प्रभावका कारण विशेष गरी मंगलबार कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशका हिमाली, पहाडी र तराईका भू-भागका केही स्थानमा मध्यम वर्षाको सम्भावना रहेको जनाएको हो। महाशाखाका अनुसार हाल कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशमा साधारणतया बादल लागेको र ती प्रदेशका एक-दुई स्थानमा हल्का वर्षासमेत भइरहेको छ। ती प्रदेशका हिमाली भू-भागका थोरै स्थानमा हल्का हिमपातसमेत हुने सम्भावना रहेको महाशाखाले जनाएको छ। विशेष गरी कृषि र पर्यटन क्षेत्रमा प्रभाव पर्न सक्ने भएकाले सतर्कता अपनाउन आग्रह गरिएको छ।

विभागका अनुसार चार दिन ढिला गरेर नेपालबाट मनसुन बाहिरिन थालको छ। मनसुन सामान्यतया २ अक्टोबरमा बाहिरिने भए पनि चार दिनजस्तो ढिला गरी सोमबारदेखि मात्रै बाहिरिन थालेको विभागले जनाएको छ।

# शुद्ध खोनपानी र स्वच्छ खाना सुनिश्चित गर्न स्वास्थ्य मन्त्रालयको अपिल



**काठमाडौं/मस–** गत शुक्रबार र शनिबारको अविरल वर्षाका कारण आएको बाढी, पहिरो र डुबानबाट विस्थापित भएका परिवारहरूलाई शुद्ध खानेपानी र स्वच्छ खानाको व्यवस्था गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सबै स्थानीय तह, सरोकारवाला निकाय र समुदायसँग सहकार्य गर्न आह्वान गरेको छ। विपद्पछि उत्पन्न हुन सक्ने स्वास्थ्य जोखिमलाई न्यूनीकरण गर्न मन्त्रालयले सक्रिय पहल गरिरहेको छ।

मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले विपद्पछिको स्वास्थ्य जोखिम रोक्न सबै सरोकारवालालाई सक्रिय भूमिका खेल्न आग्रह गरे। उनले बाढी, पहिरो र डुबानका कारण तत्काल देखापर्ने समस्याहरू जस्तै पानीमा डुब्ने, बग्ने र करेन्ट लाग्ने घटनाहरूको समाधानमा सरकारले तीव्र गतिमा काम गरिरहेको बताए। साथै, दीर्घकालीन स्वास्थ्य जोखिमप्रति सबै सचेत हुनुपर्नेमा उनले जोड दिए।

'विपद्पछिको खानपान र सरसफाइको कमीले स्वास्थ्यमा गम्भीर असर पर्न सक्छ। शुद्ध खानेपानी र स्वच्छ खानाको अभावमा हैजा, झाडापखाला, जन्डिस, आँखा पाक्ने रोग र छालासम्बन्धी संक्रमण जस्ता समस्या देखा पर्न सक्छन्,' डा. बुढाथोकीले भने, 'यस्ता जोखिमलाई कम गर्न मन्त्रालयले विभिन्न माध्यमबाट जनचेतनामूलक सन्देशहरू प्रवाह गरिरहेको छ।'

मन्त्रालयले विपद् प्रभावित क्षेत्रमा जनचेतना अभिवृद्धिका लागि भाइबर ग्रुप, सामाजिक सञ्जाल र स्थानीय सञ्चारमाध्यममार्फत २० भन्दा बढी भाषामा सूचनामूलक सामग्रीहरू प्रकाशन र प्रसारण गरिरहेको छ। प्रत्येक वडा र टोलमा रहेका महिला स्वास्थ्य स्वयंसेविका र स्वास्थ्यकर्मीहरूलाई स्वास्थ्य समस्याको रोकथाममा सक्रिय भूमिका खेल्न निर्देशन दिइएको छ।

'हामीले स्थानीय तह, जिल्ला प्रशासन कार्यालय, जिल्ला स्वास्थ्य कार्यालय, जनप्रतिनिधि र विभिन्न संघसंस्थासँग सहकार्य गरेर विस्थापित परिवारहरूको स्वास्थ्य र मानसिक तनाव सम्बोधन गर्न प्रयास गरिरहेका छौं,' डा. बुढाथोकीले भने। 'राहतस्वरूप वितरण गरिने खानेकुराले दीर्घकालीन स्वास्थ्य समस्या, जस्तै कुपोषण, निम्त्याउन सक्छ। त्यसैले ताजा र स्वस्थ खानेकुरा मात्र वितरण गर्न हामी अनुरोध गर्छौं।' गत शुक्रबार र शनिबारको अविरल वर्षाका कारण पूर्वी नेपालमा ठुलो जनधनको क्षति भएको छ। बाढी, पहिरो र डुबानका कारण कयौं परिवार विस्थापित भएका छन्। प्रभावित क्षेत्रमा उद्धार कार्य तीव्र गतिमा भइरहेको छ र पीडितहरूलाई नजिकका अस्पताल तथा स्वास्थ्य संस्थाहरूमा उपचारको व्यवस्था गरिएको छ। मन्त्रालयले स्थानीय तह र सरोकारवालाहरूसँग समन्वय गरेर राहत र स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन लागिपरेको छ।

**ओमनमा रोजगार** कम्पनी: DANAT ALJAMMAL शहर: OMAN
पूर्व स्वीकृत मिति: २०८२/०६/२० चलानी नं.: ६०२४५५५८ LT. No.: 331877

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Beautician General | 0 | 2 | स. काममा दक्ष | 170 | ६२,५८३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असोज २८ गते (14 October 2025) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

INTERNATIONAL HR SOLUTION PVT. LTD.
Sinamangal-9, Kathmandu, Nepal, Tel.: 4111221
Email: internationalhr1084@gmail.com, Web.: www.internationalhr.com.np
श्रम ई. पत्र नं. १०८४/०७३/०७४

**कुवेतमा रोजगार** कम्पनी: NBS GENERAL CONTRACTING COMPANY FOR BUILDING शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०८२/०६/२० चलानी नं.: ६०२४५५५५ L.T. No.: 331908

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner Indoor | 9 | 0 | सम्बन्धित काममा दक्ष | 90 | ४१,८४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Heavy Driver | 5 | 0 | सम्बन्धित काममा दक्ष | 170 | ७९,०४१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असोज २८ गते (14 October 2025) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

SHARON MANPOWER SERVICES PVT.LTD.
P.O. Box : 10443, Maharajgunj-04, Kathmandu, Kapan Marg
Phone : 01-4370530, 01-4370922, 01-4370457, URL: www.sharonmanpower.com
Email: sharonhrsolution@gmail.com, Info@sharonmanpower.com
Mobile: 9851038901, 9803126395, 9851350582, 9801026390, 9746491713, 9851364461
Govt Lic. No.: 647/063/064

## पटेर्वा सुगौली गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### पटेर्वा सुगौली, पर्सा
### मधेश प्रदेश, नेपाल

**नदीजन्य पदार्थको बिक्रिको लागि विद्युतीय (E-bid) बोलपत्र आव्हान सम्वन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८२/०६/२१**

स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ६२ (क) र सार्वजनिक खरिद ऐन २०६३ को व्यवस्था बमोजिम तपशिलमा उल्लेखित नदीहरूको स्वीकृत घाटहरूबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी पटेर्वा सुगौली गाउँपालिकाको तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरूले फर्म नविकरण भएको प्रमाण पत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरू संलग्न गरी तपशिल बमोजिमका शर्तहरूको अधिनमा रही विद्युतीय बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

| सि. नं | बोलपत्र नं. | बोलपत्रको नाम | उत्खनन परिमाण (घन फिट) | न्यूनतम बोलपत्र रकम (सेवा शुल्क र मु.अ.कर बाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|
| १ | 01/NCB/RIV/2082-083 | भलुवाही खोलाबाट नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी र वालुवा उत्खनन् र विकि) | १६,७७,६२४.८२ घ.फि. | ८३,८८,१२४.१ | मु.अ.कर सहितको कबोल अंकको ५ (पाँच प्रतिशत) | ३,०००।- |

| | |
|---|---|
| बोलपत्र खरिदको लागि खाता नं. | बैंकको नाम : सानिमा बैंक<br>कार्यालयको नाम : पटेर्वा सुगौली गा.पा. आन्तरिक राजस्व खाता ग.१.१<br>खाता नं. : ०६४१००४००००००८<br>राजस्व शीर्षक नं.: १४२२९<br>कार्यालय कोड : ८०२२२५०८३०० |
| बोलपत्र जमानतको लागि खाता नं. | बैंकको नाम : सानिमा बैंक<br>कार्यालयको नाम : पटेर्वा सुगौली गा.पा. धरौटी खाता ग.३<br>खाता नं. : ०६४१००४००००००५ |

| सि.नं. | बोलपत्र नं. | बोलपत्र अवधि /जमानत अवधि जम्मा गर्ने अन्तिम दिन देखि | बेलपत्र खरिदको अन्तिम दिन | बेलपत्र खोल्ने दिन |
|---|---|---|---|---|
| १ | 01/NCB/RIV/2082-083 | ९०/१२० दिन | २०८२/०७/२० समय : १२:०० बजे | २०८२/०७/२० समय : ०१:०० बजे |

**शर्तहरू:**

१. बोलपत्रदाताले http://bolpatra.gov.np/egp मा आवश्यक कागजात सहित कबोल रकम एकमुष्ठ मु.अ.कर बाहेक प्रविष्ट गर्नुपर्नेछ। उक्त सिष्टमले मु.अ..कर स्वतः गणना गरि मु.अ.कर सहितको कुल कबोल अंक देखाउनेछ।
२. बोलपत्र दाखिला गर्ने अन्तिम दिन वा बोलपत्र खोलिने दिन बिदा परेमा सोको भोली पल्ट कार्यालय खुलेको दिन बोलपत्र दाखिला र बोलपत्र खोलिनेछ।
३. बोलपत्र कागजातमा वा बोलपत्र सूचनामा कुनै फरक पर्न गएमा सच्याउने अधिकार यस कार्यालयमा निहित रहनेछ।
४. ठेक्का तथा बिड डकुमेन्ट सम्बन्धी अन्य जानकारीको लागि बोलपत्रदाताले http://bolpatra.gov.np/egp मार्फत जानकारी प्राप्त गर्न सक्नेछ।

मध्यान्ह
www.madhyanhadaily.com

२१ असोज २०८२ मंगलबार
7 October 2025 Tuesday

## सम्पादकीय

### प्रणालीमा फर्किन जनतामा जाऊ

जेनजी आन्दोलन (२३–२४ भदौ)पछि ट्र्याकबाहिर पुगेको राष्ट्रिय राजनीतिलाई प्रणालीमै फर्काउन संविधानको छिद्र खोजेर पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा अन्तरिम सरकार बनेको छ । संविधान मिचिएको छ, प्रणाली कुल्चिएको छ । तर जेनजी आन्दोलनपछिको कठिन परिस्थितिमा यो नै एउटा विकल्प बन्न पुग्यो । यसको मुख्य दायित्व तोकिएको मितिमै आमचुनाव गराएर जननिर्वाचित सरकारलाई सत्ता हस्तान्तरण गर्नु हो । संविधान संशोधनको मुद्दा बोकेका आन्दोलनकारीले हठात् संसद् विघटन गराए । जसका कारण अबको चुनाव अहिलेकै मिश्रित निर्वाचन प्रणालीअनुसार हुनेछ । सोहीअनुसार प्रत्यक्ष र समानुपातिक चुनावका लागि निर्वाचन आयोगले तालिका सार्वजनिक गरिसकेको छ । यस्तोमा अन्तरिम सरकारको अर्जुनदृष्टि २१ फागुनको आमचुनावमै हुनुपर्छ ।

आन्दोलनका क्रममा राज्यबाट भएका ज्यादती र आन्दोलनकारीको आवरणमा भएका विध्वंशको छानबिन गर्न उच्चस्तरीय जाँचबुझ आयोग बनेको छ । त्यसैलाई देखाएर हत्या, आक्रमण, लुटपाट र आगजनीजस्ता फौजदारी अपराधको अनुसन्धान र कारबाही नरोक्न आयोगका अध्यक्ष गौरीबहादुर कार्कीले आग्रह गरिसकेका छन् । अन्तरिम कार्यकालमा गर्न सकिने खर्च कटौती, चुनाव खर्च व्यवस्थापन र सुशासनका प्रयासमा सरकार निश्चय नै लाग्नुपर्छ । तर, अदृश्य शक्ति र पात्रका आदेश तामेल गर्नेगरी सरकार आग्रह–पूर्वाग्रहमा लाग्ने र संवैधानिक प्रक्रियाविपरीत राजनीतिक दल तथा नेताहरूको हुर्मत काढ्ने बाटोमा कदापि जानुहुँदैन । व्यवस्था र संविधानलाई क्षति पुग्ने कुनै काम सरकारबाट हुनुहुँदैन ।

त्यसो त अन्तरिम सरकार गठनसँगै आमचुनावको घोषणा गरिएको छ । ६ महिनाभित्र चुनाव हुन नसक्ने स्थिति उत्पन्न भएमा मुलुक झन् ठुलो राजनीतिक एवं संवैधानिक संकटमा फस्नेछ । अन्तरिम सरकारको नियत र वैधतामाथि गम्भीर प्रश्न उठ्नेछ । त्यस्तो स्थितिमा प्रतिनिधिसभा पुनर्स्थापना भई राजनीति पुरानै कोर्समा फर्किने स्थिति आउनेछ । त्यो आन्दोलनको मर्मविपरीत मात्र हुनेछैन, जेनजीले पत्याएका पात्र सम्मिलित अन्तरिम सरकारको असफलता पनि साबित हुनेछ । आयोगले निर्वाचन तालिका सार्वजनिक गरिसकेको स्थितिमा अब सरकारले चुनावको वातावरण बनाउनतर्फ लाग्नुपर्छ । नयाँ/पुराना सबै दलहरूसँग परामर्श लिने, छलफल गर्ने र आवश्यक समन्वय गरेर निष्पक्ष र धाँधलीरहित निर्वाचनको माहौल बनाउनुको विकल्प छैन । विघटित संसद्का मुख्य दल पनि अनेक निहुँ निकालेर निर्वाचन टार्ने रणनीतिमा लाग्नुहुँदैन । अन्तरिम सरकारको आयु बढाउनेतर्फ राजनीति हिँड्यो भने त्यसले अस्थिरता र अव्यवस्था लम्ब्याउनेछ । अतः सबैले पुनः एकपटक जनतामा गएर आफूलाई परीक्षण गर्नुपर्छ । मुलुकलाई विधि र संवैधानिक बाटो फर्काउन निर्वाचन एक मात्र विकल्प हो ।

# बाटो नसुधारी आउँदैनन् पर्यटक

*सडक सुधारले स्थानीय जनताको जीवनस्तर पनि प्रत्यक्ष रूपमा सुधार हुन्छ । जब पर्यटकहरू कुनै स्थानमा पुग्छन् । उनीहरूले त्यहाँ बसोबास, खाना, गाइड सेवा, यातायात सेवा आदि आवश्यक पर्छ ।*

अग्रलेख



● पोमनारायण श्रेष्ठ

पर्यटन आधुनिक विश्वको तीव्र रूपमा बढ्दै गएको आर्थिक र सामाजिक गतिविधिको एक प्रमुख अंग हो । नेपालको जस्तो प्राकृतिक सुन्दरता, सांस्कृतिक विविधता, धार्मिक सम्पदा र जैविक विविधताले भरिएको मुलुकका लागि पर्यटन एउटा महत्वपूर्ण सम्भावना बोकेको क्षेत्र हो । तर यस्ता अपार सम्भावनाका बाबजुद नेपालको पर्यटन विकासमा बाधा पुऱ्याउने थुप्रै कारण छन् । तीमध्ये प्रमुख एक हो–अपर्याप्त र असहज पूर्वाधार, विशेषतः बाटोको अवस्था ।

पर्यटकहरू, चाहे आन्तरिक हुन् वा बाह्य, उनीहरू कुनै गन्तव्यमा पुग्नुअघि यातायातको सुविधा र बाटोको अवस्थालाई मूल्यांकन गर्छन् । बाटो भनेको कुनै पनि स्थानसम्म पुग्ने प्रमुख माध्यम हो । यदि बाटो सहज छैन भने, त्यो स्थानप्रतिको आकर्षण स्वतः घट्छ । चाहे त्यो स्थान विश्व प्रसिद्ध पर्यटकीय गन्तव्य नै किन नहोस्, त्यहाँ पुग्न सकिने बाटो नराम्ररी बिग्रिएको छ भने पर्यटकहरूले वैकल्पिक गन्तव्य रोज्छन् । पर्यटकहरू साहसिक अनुभव खोजिरहेका हुन्छन् । भने पनि, त्यो अनुभवको पूर्वाधार न्यूनतम सुविधासम्पन्न हुन आवश्यक हुन्छ ।



नेपालको सन्दर्भमा हेर्दा, थुप्रै पर्यटकीय स्थल पुग्न यात्रा अत्यन्तै कठिन र जोखिमपूर्ण छ । कच्ची सडक, नियमित मर्मत नपाएको अवस्थाका कारण पर्यटकको सुरक्षामा प्रश्न उठ्छ । साहसिक पर्यटन गर्न चाहने पर्यटकहरू पहाड, हिमाल, ताल, जंगल आदिको यात्रा गर्न इच्छुक हुन्छन् । तर उनीहरूलाई त्यहाँसम्म पुग्ने बाटो उपयुक्त नभएपछि उनीहरूलाई त्यो साहसिकताभन्दा जोखिम अधिक महसुस हुन्छ । पर्यटकको जीवन सुरक्षासँग सीधा जोडिएको विषय भएकाले, सवारी मार्गको स्तरीकरण पर्यटनको पूर्वसर्त बन्न पुग्छ ।

पर्यटन विकासका लागि सडक पूर्वाधार सबैभन्दा आधारभूत आवश्यकता हो । उदाहरणका लागि, मुस्ताङ, मनाङ, दोलखा, सोलुखुम्बु, रोल्पा, डोल्पा, हुम्लाजस्ता ठाउँहरू पर्यटकीय दृष्टिले अत्यन्त महत्वपूर्ण छन् । तर यी स्थानहरूमा पुग्न अझैसम्म उचित सडक सुविधा छैन । हवाईमार्ग पनि सधैं भरपर्दो छैन, मौसमले बाधा पुऱ्याउने सम्भावना धेरै हुन्छ । यस्तो अवस्थामा सडक नै भरपर्दो माध्यम बन्ने हो, जुन अहिले कमजोर अवस्थामा रहेको छ । यदि यी क्षेत्रहरूमा पहुँच सहज बनाइयो भने पर्यटकको संख्या उल्लेखनीय रूपमा वृद्धि हुने निश्चित छ ।

सडक सुधारले स्थानीय जनताको जीवनस्तर पनि प्रत्यक्ष रूपमा सुधार हुन्छ । जब पर्यटकहरू कुनै स्थानमा पुग्छन् । उनीहरूले त्यहाँ बसोबास, खाना, गाइड सेवा, यातायात सेवा आदि आवश्यक पर्छ । यसले गर्दा स्थानीयलाई रोजगारी सिर्जना हुन्छ, उत्पादन र सेवामा माग बढ्छ र आर्थिक चलायमान हुन्छ । तर यदि बाटो नै नभए, पर्यटकको आगमन सम्भव हुँदैन । यसले गर्दा स्थानीय जनता पर्यटकबाट प्राप्त हुन सक्ने आर्थिक लाभबाट वञ्चित हुन्छन् । उदाहरणका लागि, पदयात्रा गन्तव्यहरूमा साना होटल, होमस्टे, गाइड सेवा, घोडा सवारीलगायत पर्यटकबाट सञ्चालन भइरहेका छन् । तर जब ती स्थानहरूमा पुग्न कठिन हुन्छ, पर्यटक नआउँदा ती व्यवसाय बन्द हुन्छन् र त्यसले जनताको जीविकोपार्जनमा असर पुऱ्याउँछ ।

सडक सुधारले पर्यटनसँगै अन्य विकासका सम्भावना पनि खुला गर्छ । एकपटक जब राम्रो सडक बन्छ, त्यहाँ न केवल पर्यटक तर अन्य व्यावसायिक गतिविधि पनि जान्छन् । उत्पादन सजिलै बजारमा पुऱ्याउन सकिन्छ । वस्तु तथा सेवाको मूल्यमा स्थिरता आउँछ । यो सब मिलेर त्यस क्षेत्रलाई स्थायी रूपमा विकासमा लैजान सहयोग पुऱ्याउँछ । तर जब बाटो राम्रो छैन, तिनै सम्भावना बन्द हुन्छन् । त्यसैले पर्यटन मात्र होइन, समग्र क्षेत्रीय विकासका लागि पनि सडक पूर्वाधारको सुधार अपरिहार्य हुन्छ ।

> *सरकारले हालैका वर्षहरूमा सडक निर्माण र सुधारमा केही ध्यान दिएको देखिन्छ । तर अझैसम्म यो प्रयास पर्यटनको मागअनुसार पर्याप्त छैन ।*

नेपालको भूगोल हेर्दा, यहाँ अधिकांश पर्यटकीय गन्तव्य पहाडी र हिमाली भेगमा पर्छन् । यी ठाउँहरूमा बाटो बनाउने काम सजिलो छैन भन्ने बुझ्न सकिन्छ । तर प्राविधिक चुनौतीका बाबजुद, सरकार र सम्बन्धित निकायले यसलाई प्राथमिकतामा राख्नुपर्छ । किनभने संसारका धेरै हिमाली देशहरूले आफ्नो भूगोलअनुसार प्राविधिक उपाय अपनाएर राम्रो सडक पूर्वाधार विकास गरेका छन् । स्विट्जरल्यान्ड, नर्वे, भुटानजस्ता देशहरूले कठिन भूगोलबीच उत्कृष्ट सडक सञ्जाल विकास गरी पर्यटनलाई तीव्र रूपमा बढाएका छन् । नेपालले पनि यस्तै मोडलहरूबाट सिक्न सक्छ ।

अर्को महत्वपूर्ण पक्ष भनेको सडक मर्मतको निरन्तरता हो । नेपालमा धेरै ठाउँमा सडक बनाइए पनि, त्यसको नियमित मर्मत हुँदैन । केही समयपछि बाटो फेरि बिग्रिन्छ अनि त्यो बाटो प्रयोगमा आउन सक्दैन । यसले पर्यटकलाई एकपटक त यात्रा गर्न बाध्य पार्छ तर अर्कोपटक फर्केर आउन नदिने बनाउँछ । त्यसैले बाटो मात्र बनाउनु पर्याप्त छैन, त्यसको दिगोपन कायम राख्नु आवश्यक हुन्छ । मर्मतका लागि स्पष्ट नीति, पर्याप्त बजेट र निगरानी प्रणाली आवश्यक छ ।

पर्यटकहरूको प्राथमिकता सदैव आराम, सहजता, सुरक्षा र अनुभव हुन्छ । जब पर्यटक कुनै देशमा आउँछन् । उनीहरू त्यहाँको सेवा, सुविधा र समग्र व्यवस्थापनबाट प्रभावित हुन्छन् । उनीहरूले बाटो बिग्रिएको, धुलो र हिलोले भरिएको, ट्राफिक अव्यवस्थित, संकेत प्रणाली नरहेको अनुभव गरे भने उनीहरू नकारात्मक सन्देश लिएर जान्छन् । यस्ता नकारात्मक अनुभवहरूले सामाजिक सञ्जाल र अनलाइन रिभ्युमार्फत विश्वभर फैलिन्छ । यसले दीर्घकालीन असर पुऱ्याउँछ र अन्य पर्यटकलाई पनि त्यहाँ जान नचाहने बनाउँछ । यस अर्थमा, बाटोको सुधार भनेको मात्र यातायातको सुविधा होइन, देशको अन्तर्राष्ट्रिय छवि निर्माणको पनि माध्यम हो ।

नेपालमा धार्मिक, सांस्कृतिक र प्राकृतिक तीनै किसिमका पर्यटकीय स्थल प्रशस्त छन् । तर धेरैजसो स्थानमा पर्यटक पुग्न नसक्ने अवस्थामा छन् । उदाहरणका लागि, धार्मिक पर्यटकीय स्थल गोसाइँकुण्ड, पाथिभरा, हलेसी, राराताल, बदिमालिका, खप्तड, अपी (सैपाल, लाङटाङ जस्ता ठाउँहरूमा यातायातको राम्रो सुविधा छैन । यस्ता स्थानमा सडक पुग्न सके, देशभरका आन्तरिक पर्यटकका साथै बाह्य पर्यटक पनि सहजै यात्रा गर्न सक्नेछन् । यसले पर्यटकीय गन्तव्यको क्षेत्रीय विविधता पनि बढाउँछ, जसले गर्दा काठमाडौं, पोखरा, चितवनजस्ता केन्द्रित पर्यटकीय स्थलबाट पर्यटक वितरण गर्न सकिन्छ ।

सरकारले हालैका वर्षहरूमा सडक निर्माण र सुधारमा केही ध्यान दिएको देखिन्छ । तर अझैसम्म यो प्रयास पर्यटनको मागअनुसार पर्याप्त छैन । निजी क्षेत्रको साझेदारी, विदेशी लगानी, पर्यटन करको प्रयोग, र समुदायको सहभागितामार्फत सडक सुधारमा तीव्रता ल्याउन सकिन्छ । पर्यटनमैत्री पूर्वाधार बनाउने कुरा केवल फाइभ स्टार होटल वा विमानस्थल मात्र होइन, एउटा राम्रो, सुरक्षित र व्यवस्थित बाटो पनि हो भन्ने बुझ्न जरुरी छ ।

निष्कर्षमा भन्नुपर्दा, 'बाटो नसुधारी पर्यटक आउँदैनन्' भन्ने केवल भनाइ मात्र होइन, विकासको कठोर यथार्थ हो । बाटो भनेको पर्यटकलाई गन्तव्यसम्म पुऱ्याउने माध्यम मात्र होइन, त्यो अनुभवको एउटा अनिवार्य अंग हो । यदि बाटो बिग्रिएको छ भने त्यो अनुभव बिग्रिन्छ । र एकपटक पर्यटकको अनुभव बिग्रियो भने, त्यो देशले आफ्नो पर्यटन ब्रान्ड गुमाउने खतरा बेहोर्नुपर्छ । त्यसैले अब समय आएको छ, नेपालको पर्यटन विकासको सपना साकार पार्न, सबैभन्दा पहिले बाटोलाई सुधार्ने अभियानलाई प्राथमिकता दिनु आवश्यक छ । बाटो सुधारेर मात्रै हामी विश्व पर्यटन नक्सामा स्थायी रूपमा उभिन सक्छौं ।

***(लेखक श्रेष्ठ, पर्यटन व्यवसायी हुन् ।)***

# जेन–जेड युवा विद्रोह, हर्कतहरू र लिनुपर्ने शिक्षा

*आन्दोलनअघि स्पष्ट नेतृत्व, सञ्चार-क्षमता, सुरक्षाको विधिपालन, बेइमानी नियन्त्रण गर्ने संयन्त्र र सहयोगी संस्था तथा समुदायसँग समन्वय हुनुपर्छ । हामीले लिनुपर्ने शिक्षा सरल छ तर गम्भीर छ । न्याय र परिवर्तनका लागि उठ्ने आवाज इमानदार, पारदर्शी र दिगो हुनुपर्छ ।*

विचार



● नारायण शर्मा

> *इतिहास र समसामयिक राजनीतिक परिप्रेक्ष्य जोड्दा केही रोचक प्रश्न उठ्छन् । सुरक्षा निकायहरूको असाधारण प्रतिक्रिया वा असक्षमताको तुलना गर्दा अहिले पनि राज्य संरचना र सुरक्षा संयन्त्रले कसरी जिम्मेवारी पूरा गरे भन्नेमा संदेह देखिन्छ ।*

भदौ २३-२४ गते सुरु भएको जेन-जेड पुस्ताका युवाहरूको आन्दोलन सुरुमा नितान्त साधारण र सीमित मागहरूमै बुझिन्थ्यो । देशलाई ध्वस्त बनाउँदै गएको चौतर्फी चरम भ्रष्टाचार, सामाजिक सञ्जालबाट वञ्चित हुनुलाई लिएर आएको पीडा, असन्तुष्टि र आक्रोश–यी नै चाहिँ ती युवाहरूको प्रारम्भिक अभिव्यक्ति थिए । तर त्यो स्वाभाविक, पीडालु र सञ्जीव भावलाई राजनीतिक तथा वैदेशिक उद्देश्यले दुरुपयोग गरियो । युवा मनोविज्ञान र जेन-जेड पुस्ताका चाहनालाई नबुझी, तिनको असन्तुष्टिलाई आफूअनुकूल बनाउने संकल्पले आन्दोलनलाई पहिलो दिनै अर्कोपटक मोडियोस् जुन मोड जसका लागि ती युवाहरू आफैं तयारी थिएनन् ।

सुरुका दिनमा आन्दोलन जेन-जेड का नाममा नकाब लगाएका, वैदेशिक एजेन्ट, भरौटे तथा आन्तरिक भ्यान्डाहरूले प्रयोग गरेर उत्तेजक र अराजक बनाउने प्रयत्न भइरह्यो । प्रहरीको विरोधस्वरूप कुनै स्थिति उत्पन्न भयो भने त्यसलाई अर्को दिन सुनियोजित तरिकाले विध्वंसात्मक बनाउने योजना देखियो । आन्दोलनको आक्रोशलाई आफ्नो स्वार्थपूर्तिका साधन बनाउनेहरूका कारण शान्तिपूर्ण आवाज जोखिममा पऱ्यो र रक्तपातको अवस्था सिर्जना भयो । त्यसपछि पनि आन्दोलनका मूल माग र राष्ट्र निर्माण, सुशासनका आवश्यकताभन्दा बाहिर निहित योजनाअनुसार कामचलाउ सरकार गठन र चलाउने प्रयास भइरहेकाले संवेदनशील प्रश्न उठ्छन् ।

सामाजिक सञ्जाल प्रयोगलाई लिएर देखिएको राजनीतिक खेल यथार्थमै चिन्ताजनक थियो । फेसबुकलगायतका प्ल्याटफर्मलाई दर्ता गराउन निर्देशन दिने, दर्ता नगरी सञ्चालनमा सहजता मिलाउने–यी पहल वैदेशिक शक्ति केन्द्रहरूको प्रभावाकर्षणका रूपमा देखिन्थ्यो । त्यसै अवसरमा विभिन्न विदेशी फाउन्डेसन, अन्तर्राष्ट्रिय निकाय, केही शैक्षिक संस्था र सहभागी व्यक्तित्व आन्दोलनमा सक्रिय भएर देखिए । २३ गते सम्पन्न विरोधमा कतिपय प्राइभेट स्कुल र कलेजका विद्यार्थी युनिफर्ममै सहभागी गराइएका तथा केही व्यक्तिले अभियान भड्काउन अग्रसर भए भन्ने भिडियो प्रमाण पनि सार्वजनिक भएका थिए । त्यस्तै, कतिपय राजनीतिक दल र गुप्त-खुला समूहहरूले आन्दोलनलाई आफ्नो दिशामा मोड्ने प्रयत्न गरे । केही खुलेर र केही गोप्य रूपमा ।

परिणामस्वरूप, आन्दोलनलाई दमन गर्ने आदेश दिने, गोली प्रयोग गर्न नेतृत्वदायी भूमिका दिने प्रकारका घटना घटे । दोस्रो दिन आन्दोलन अझै बढी अराजक र विध्वंसक देखिएका बेला सुरक्षा निकायका व्यवहार र अधिकारिक कार्यविधि पालनामा पनि प्रश्न उठ्न पुग्यो । आन्दोलन नियन्त्रणमा प्रयोग गरिएका गोलीका प्रकार, दंगा नियन्त्रणका मानक प्रक्रिया पालना भएन वा भएनन् ? यी विषय साँच्चै शंकास्पद छन् । सुरक्षाकर्मीहरूले कसरी र कहिले हस्तक्षेप गरे–यी विषयले घटनाका पृष्ठभूमिमा अझै गम्भीर अनुसन्धान आवश्यक देखाउँछ । इतिहास र समसामयिक राजनीतिक परिप्रेक्ष्य जोड्दा केही रोचक प्रश्न उठ्छन् । सुरक्षा निकायहरूको असाधारण प्रतिक्रिया वा असक्षमताको तुलना गर्दा अहिले पनि राज्य संरचना र सुरक्षा संयन्त्रले कसरी जिम्मेवारी पूरा गरे भन्नेमा संदेह देखिन्छ । कतिपय संरचना ध्वस्त पारिनु र त्यसको क्रममा हतियार लुटिनु, सुरक्षा संयन्त्र मौन बस्नुलगायत घटनाले विगतका केही घटनाको स्मरण दिलाउँछ र नीतिगत सुधारको माग थप उचाइमा जान्छ ।

राजनीतिक नेतृत्व र पुस्तान्तरणसम्बन्धी बहस पनि यस आन्दोलनले बलियो तुल्यायो । बुढा नेताहरूले पिरोलिएर युवा पुस्तालाई पार्टी र राज्यको नेतृत्व हस्तान्तरण नगरेको आरोप र युवा आन्दोलनले त्यसको विकल्प खोज्न चाहेको प्रेरणा स्पष्ट छ । तर नेतृत्वमा युवाहरूको प्रतिनिधित्व नहुँदा र पुराना संरचनाहरूमा परिवर्तन नआएमा स्वाभाविक रूपमा विद्रोहको आवाज तीक्ष्ण बन्ने सम्भावना रहन्छ । आन्दोलनपछि बन्ने नयाँ सरकारका मन्त्रीहरूमा पनि युवाको पर्याप्त सहभागिताको अभाव हुनु एउटा विरोधाभास हो जसले आन्दोलनको माग र प्राप्त परिणामबीचको खाडल देखाउँछ ।

विदेशी सम्बन्ध र भू-राजनीतिक सक्रियतासम्बन्धी दाबी पनि उठेका छन् । कालापानी, लिपुलेक र त्यसविज्ञ भू-क्षेत्रसँग सम्बन्धित विषयले छिमेकी र अन्य शक्तिबीचको चासो बढाउँछ भन्ने कुरा निर्विवाद छ । त्यस्ता क्षेत्रीय तथा अन्तर्राष्ट्रिय स्वार्थहरूले आन्तरिक राजनीतिक घटना तथा आन्दोलनलाई कसरी प्रभावित पार्न सक्छन् भन्ने विषयमा सतर्कता आवश्यक छ । तर यसैलाई मूर्त रूपमा प्रमाणित नगरी आरोप लगाउनु खतरनाक पनि हुन सक्छ त्यसैले तथ्यमूलक अनुसन्धान र पारदर्शिता नै मार्ग हो ।

यी सबै कुराले के स्पष्ट सिकाउँछ भने जेन-जेडका युवाहरूको आन्दोलन स्वच्छ भावना र पवित्र लक्ष्यले प्रेरित थियो भन्ने कुरामा कुनै शंका छैन । सत्य, न्याय र सुशासनका लागि उठ्ने आवाज आवश्यक र महान् नै थियो । तर एउटा गम्भीर नतिजा यो रह्यो कि यस्तो स्वतस्फूर्त विद्रोहलाई सुनियोजित राज्यविरुद्धका वा वैदेशिक स्वार्थका तत्वले सजिलै दुरुपयोग गर्न सक्छन् । त्यसैले भविष्यमा सफल आन्दोलन ल्याउन आवश्यक छ–सचेत, संगठित र योजनाबद्ध कार्यविधि । आन्दोलनअघि स्पष्ट नेतृत्व, सञ्चार-क्षमता, सुरक्षाको विधिपालन, बेइमानी नियन्त्रण गर्ने संयन्त्र र सहयोगी संस्था तथा समुदायसँग समन्वय हुनुपर्छ । हामीले लिनुपर्ने शिक्षा सरल छ तर गम्भीर छ । न्याय र परिवर्तनका लागि उठ्ने आवाज इमानदार, पारदर्शी र दिगो हुनुपर्छ । आन्दोलनलाई व्यक्तिगत, सामूहिक, सांगठनिक र राष्ट्रिय स्तरमा सही दिशामा लैजान युवाहरूलाई राजनीतिक व्यावहारिकता, सुरक्षा सचेतना र दीर्घकालीन रणनीतिमा कमजोरी राख्नु हुँदैन । आन्दोलनलाई लोकतान्त्रिक माध्यम र कानुनी सीमाभित्र राखेर योजना बनाउने, सम्भावित दुरुपयोगबाट जोगिन सूक्ष्म मूल्यांकन गर्ने र सत्तासीन परिवर्तनपछि प्राप्त उपलब्धिलाई दिगोपनका साथ सुनिश्चित गर्ने संस्कार विकास गर्न आवश्यक छ ।

# भारतीय बाँधले नेपाली भूमि बर्सेनि डुबानमा

**धर्मेन्द्रकुमार साह/मध्यान्ह**
रौतहट, २० असोज




सिमावर्ती भारतीय क्षेत्रमा बनाइएका बाँधहरूको कारण नेपाली भूमि बर्सेनि डुबानमा पर्दै आएको छ । रौतहट, पर्सा, बारा, सप्तरी र बाँकेलगायतका जिल्लाहरूको सीमा क्षेत्रमा भारतले एकतर्फी रूपमा बनाएको बाँधले सडक संरचना र निकासमा पुर्‍याएको अवरोधले नेपाली भूभाग बर्सेनि डुबानमा पर्दै आएको हो ।

गत असोज १८ गते परेको अविरल वर्षा र त्यसपछि आएको बाढीको पानी निकास हुन नपाउँदा रौतहट सदरमुकाम गौर तेस्रो दिन पनि पूर्णरुपमा डुबानमा परेको छ। सीमा क्षेत्रमा निर्माण गरिएको सुलिस गेट खोल्न भारतीय पक्षले अस्विकार गर्दा सदरमुकाम गौर डुबानमा परेको हो । डुबानका कारण जनजीवन समेत कष्टकर बन्दै गएको छ ।

बागमती, लाल बकैया र झाँझ नदीमा पानीको बहाव उच्च भएसँगै गौर छिरेको बाढीको पानी समयमा निकास हुन नपाउँदा रौतहटका आधा दर्जनभन्दा बढी पालिकाकाका बस्तीहरू प्रभावित भएका छन् । पानीले सहज निकास नपाउँदा गौरका मुख्य सडकहरूमा ४ फिटसम्म पानी जमेको छ भने रौतहटका अधिकांश सरकारी कार्यालयहरू डुबानमा परेका छन् ।

जिल्ला प्रशासन कार्यालय, पूर्वाधार विकास कार्यालय, जिल्ला समन्वय समिति, कृषि विकास बैंक, गौर नगरपालिका लगायतका कार्यालय परिसरमा बाढीको पानी पसेको छ भने सशस्त्र प्रहरीको गौर भन्सारमा रहेको बीओपी, नेपाल प्रहरीको भन्सार सुरक्षा चौकी, सशस्त्र प्रहरीको बेलबिछवामा रहेको बीओपी, नेपाल प्रहरीको चौकी, सशस्त्र प्रहरीको नम्बर ११ गण समेत डुबानमा परेका छन् । नेपाली सुरक्षा अधिकारीहरूले सुलिस गेट खोल्न भारतीय पक्षसँग पटक-पटक आग्रह गर्दा समेत भारतीय पक्षले अटेरी गरेपछि डुबान भएको बताए ।

रौतहट जिल्लाका प्रमुख जिल्ला अधिकारी बिनोद खड्काले भारतीय समकक्षीलाई पटक-पटक बाढीको पानी निकासाको लागि सुलिस गेट खोल्न गरेको आग्रह भारतीय पक्षले नमान्दा बाढी आएको ४८ घण्टा बितिसक्दा समेत गौरका सडकहरूमा पानी भरिएको बताए ।

बाढीका कारण शैक्षिक संस्थान, बजार तथा कार्यालयहरू खुल्न नसकेपछि जनजीवन अस्तव्यस्त बनेको छ । यसैबीच गौर नगरपालिकाका नगर प्रमुख शम्भु साहले भारतीय पक्षको समन्वयमा सुलिस गेट खोल्ने सहमति भएको बताएका छन् । आफ्नो सामाजिक संजाल फेसबुकमार्फत उनले गौरमा जमेको पानीको निकासको लागि भारतीय पक्षसँग समन्वय भएको बताउँदै चाँडै पानीले निकास पाउने विश्वास व्यक्त गरेका छन् ।

गौर नगरपालिकाका पूर्व नगर प्रमुख अजय कुमार गुप्ताले भारतीय पक्षसँग बार्ता गरी सुलिस गेट समयमा खोल्ने वातावरण निर्माणमा जोड दिएका छन् । भारतीय पक्षले दशगजाको दक्षिणतर्फ बाधकै स्वरुपमा बनाएको सैनिक सडक समेतले पानी निकासमा बाधा उत्पन्न गर्दै आएको हो। रौतहटमा झाँझ, बागमती, लाल बकैया र चादी नदीमा पानीको बहाव अत्यधिक भएर बाढी आउदा वर्षेनी रौतहटको गौर, बन्जरहा, गंगा पिप्रा, मत्सरी, परोहा, गुजरा, गढीमाई, बेलबिछवा, पिप्रा रजबाडा, बडहरवा, बन्जरहा, इनर्वा, लक्ष्मिनिया, मर्यादपुर, बसन्तपट्टी र तेजापाकडका बस्तीहरू डुबानमा पर्दै आएकोमा पछिल्लो केही वर्षदेखि गौर हप्तौसम्म डुबानमा पर्न लागेको हो ।

गत वर्ष असोज १२ गते आएको बाढीको पानी समेत भारतीय पक्षले एकतर्फी रुपमा थुनेर राख्दा गौरमा ४ दिनसम्म पानी जमेको थियो । नेपालका सिमावर्ती सहरहरू गौर, मलंगवा, वीरगञ्ज, सप्तरीको हनुमाननगर, कंकालिनी लगायतका सहरहरू बर्सेनि डुबानमा पर्दै आएका छन् ।

# मनाङ यात्रामा मौसम बाधक

**नवीन लामिछाने/रासस**
मनाङ, २० असोज



हिमाली जिल्ला मनाङ भ्रमणका लागि असोज, कात्तिक र मङ्सिर महिना उपयुक्त मानिन्छ । यस समयमा मनाङमा पर्यटकको आगमनले भरिभराउ हुने हो । यसवर्ष मनाङमा पर्यटक शून्य नै छ । बाह्य पर्यटकको आगमनका लागि जेनजीको आन्दोलनले प्रभाव पारे पनि आन्तरिक पर्यटक आउने अपेक्षा मनाङवासीले गरेका थिए । दसैंको बिदामा आन्तरिक तथा बाह्य पर्यटकको आगमन हुने समय हो । यसवर्षको दसैं बिदामा घुम्ने योजना बनाएका आन्तरिक पर्यटकका लागि मौसम बाधक बन्न पुग्यो ।

तनहुँको व्यास नगरपालिका-३ दमौली निवासी संगीत घिमिरे मनाङ भ्रमणमा जाने योजना बनाएकामा अहिले स्थगित गरेको बताउँछन् । उनी भन्छन्, 'मनाङको सौन्दर्यताले आकर्षण गरिरहेको अवस्थामा एक पटक पुग्ने योजना बनाइएको थियो, तर योजना योजनामै सिमित भयो ।'

दसैंको टीकाको भोलिपल्ट यात्रामा निस्कने भनिएकामा मनसुन सक्रिय भएर भारी वर्षा हुने सूचनाका कारण यात्रा स्थगित गरिएको घिमिरे बताउँछन् । 'लामो समयदेखि एक पटक मनाङ पुग्ने धोको थियो, वर्षाका कारण योजना नै स्थगित गरेर बसेका छौं,' उनी भन्छन्, 'बल्लतल्ल समय मिलाएर बनाएको योजना क्यान्सिल भएपछि अब कहिले जाने भन्ने निश्चित छैन ।'

'चार जनाको समूह बनेर टीकाटालो गरी निस्कने योजना नै क्यान्सिल गरियो,' उनी भन्छन्, 'मनाङ पुगेर फर्कने यहाँका मानिसले त्यहाँको सुन्दरताको बयानले अझ प्रलोभनमा पारेको छ, यात्रा सफल बनाउन सकेनौं मौसम तगारो बन्यो ।'

जल तथा मौसम विज्ञान विभागले दसैंको टीकापछि तीन दिन यात्रा नगर्न सूचित गरेपछि अधिकांश आन्तरिक पर्यटकको मनाङ यात्रा रोकिएको छ । घिमिरेका समूह जस्तै अन्य आन्तरिक पर्यटकले अहिले हिमाली मनाङको यात्राका लागि मौसम बाधक बनेको छ । दसैंको टीका लगाएर मनाङ भ्रमणमा जाने योजना स्थगित गर्न बाध्य भएका छन् ।

जेनजीको आन्दोलनका कारण बाह्य पर्यटकको आगमन तथा बुकिङ भएका होटलसमेत स्थगित गरेकाले मनाङ सुनसान भएको पर्यटन व्यवसायी संघ मनाङका अध्यक्ष विनोद गुरुङले जानकारी दिए । 'जेनजी आन्दोलनले विदेश पर्यटक आगमनमा नभए पनि आन्तरिक पर्यटक आउने आशामा थियौं, तर यसवर्ष मौसमका कारण आन्तरिक पर्यटकको आगमन पनि हुन सकेन ।'

मनाङको प्राकृतिक सौन्दर्यताले स्वदेशी तथा विदेशी पर्यटकलाई आकर्षण गर्दै यहाँको आयस्रोतले देशकै अर्थतन्त्रमा प्रभाव पार्दछ । मुख्य पर्यटकीय समयमा नै पर्यटकको आगमन भएको छैन । विगतमा विदेशी पर्यटक खचाखच हुने भए पनि यस वर्ष जेनजी आन्दोलनले यहाँको पर्यटकीय क्षेत्रमा परेको प्रभावले देशको अर्थतन्त्रलाई असर गरेको छ ।

थोरै जनसंख्या भएको मनाङमा आन्तरिक पर्यटकको पनि यस पटक आगमन नभएको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) इलाका संरक्षण कार्यालयका प्रमुख ढकबहादुर भुजेलले बताए । चाडपर्वका बेलामा घुम्ने परम्परा विकसित भएसँगै यहाँ आन्तरिक पर्यटक पनि वर्षा, पहिरो तथा जेनजी आन्दोलनको प्रभावले आउन नसकेको उनको भनाइ छ । विगतका वर्षमा आन्तरिक तथा बाह्य पर्यटकले भरिभराउ हुने मनाङका होटेल यसपालि पर्यटकीय मौसमको सुरुमै सुनसान बनेको होटेल व्यवसायी फुर्वा लामाले बताए । यहाँका बुकिङ भएका होटेल पनि रद्द भएका उनले जानकारी दिए ।

नार्पाभूमि गाउँपालिकाका अध्यक्ष कोन्जो तेन्जिङ लामाले दसैं सकिन नपाउँदै मौसमका कारण बिदामा मिलाएर मनाङ भ्रमणमा आउने पर्यटक पनि आउन नसकेको बताए । 'टीकाटालो गरेपछि मनाङ घुम्न जान्छु भन्ने आन्तरिक पर्यटकलाई यस पटक मौसम बाधक बन्यो,' उनले भने, 'जेनजी आन्दोलनले प्रभाव पारेको पर्यटन व्यावसायलाई मौसमले पनि साथ दिएन ।'

विशेषगरी स्वदेशी तथा विदेशी पर्यटकको मनाङ आगमनले देशकै अर्थतन्त्रमा महत्वपूर्ण मानिन्छ । अहिले देशमा नै अर्थतन्त्र घाटामा पुग्ने देखिएको अध्यक्ष गुरुङको भनाइ छ । मनाङवासीको आम्दानी पर्यटन र कृषि तथा पशुपालन हो । तर, आम्दानी शून्य भएको छ । विदेशी पर्यटक विश्वकै १०औं स्थानमा पर्ने अन्नपूर्ण पदमार्गअन्तर्गत मनाङ र मुस्ताङको सिमानास्थित थोराङ्ला भञ्ज्याङ (पास), विश्वकै अग्लो स्थानमा अवस्थित तिलिचो तालको भ्रमण तथा हिमलुङ हिमाल, मनास्लु हिमाल अरोहण गर्न आउने गर्दथे । स्वदेशी पर्यटक भने चाडपर्वको समयमा लामो बिदामा मनाङलाई भ्रमणको गन्तव्य बनाएर पुग्ने गर्दथे । तर पर्यटकको लर्को लाग्ने यस समयमा नै यस वर्ष सुनसान छ ।

# प्रकोपमा पानीजन्य रोगहरूबाट सुरक्षित रहन विज्ञको आग्रह



**काठमाडौं/मस-** अविरल वर्षाका कारण हाल देशका विभिन्न स्थानमा बाढी, पहिरो र डुबानले जनधनको व्यापक क्षति पुर्‍याएको छ। वर्षापछिको प्रकोपबाट प्रभावित मानिसको दैनिक जीवनयापन अस्तव्यस्त हुनपुगेको छ। प्रकोपका समयमा पानीजन्य रोगहरू फैलिने सक्ने भएकाले सावधानि अपनाउन विज्ञहरूले आमसर्वसाधरणसँग आग्रह गरेका छन् ।

विशेषज्ञहरूका अनुसार वर्षायाममा सुरक्षित खानेपानी र सरसफाइका उपाय नअपनाउँदा पानीजन्य रोगको जोखिम बढी रहन्छ । विशेषगरी झाडापखाला, हैजा, आउँ, निमोनिया, रुघा-खोकी, टाइफाइड तथा अन्य संक्रमणजन्य रोगका कारण जनधनको क्षति हुनसक्छ । यी रोगहरूबाट बच्न पानी उमालेर वा 'क्लोरिन' प्रयोग गरी शुद्धीकरण गरेर मात्र प्रयोग गर्नुपर्ने विज्ञको सुझाव छ ।

विपद्को समयमा खानेपानी तथा सरसफाइमा विशेष ध्यान दिनुपर्ने बताउँछन्, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सूचना अधिकारी डा भक्तबहादुर केसी । उनका अनुसार कुनै पनि प्रकोप, विशेषगरी बाढी-पहिरोपछि खानेपानी प्रणालीमा समस्या आउनसक्छ र यस्तो अवस्थामा खानेपानीको स्रोतमा ढल मिसिने सम्भावना रहन्छ, जसले फोहोर पानी सेवनका कारण झाडापखाला, हैजाजस्ता पानीजन्य रोग फैलिन सक्छ। 'पिउने र खाना पकाउने पानी सफा र पिउनयोग्य छ कि छैन भन्ने सुनिश्चित गर्न आवश्यक छ । पानी उमालेर वा क्लोरिन झोल/ट्याबलेटको प्रयोग गरेर मात्र पिउनु उचित हुन्छ,' उनले भने ।

विज्ञका अनुसार शुद्धीकरण गरेको पानी सधैं सफा भाँडामा छोपेर राख्ने, सडेगलेका, बासी र झिँगा भन्केका खानेकुरा नखाने, काँक्रो, गाजर, फलफूलजस्ता काँचै खान मिल्ने खानेकुरा सधैं सफा पानीले धोएर मात्र खाने गर्नुपर्छ । यसैगरी खाना पकाउनु, खाना खानु र बच्चालाई खाना खुवाउनुअघि, फोहोर छोएपछि, दिसापिसाब गरेपछि, चर्पीको प्रयोग गरेपछि तथा बच्चाको दिसा धोएपछि सधैं साबुनपानीले मिचीमिची हात धुनुपर्छ ।

डा केसीका अनुसार बाढी तथा झाडापखालाबाट प्रभावित क्षेत्रमा अहिले क्लोरिन झोल र ट्याबलेट वितरण भइरहेको छ । 'यदि पखालाजन्य रोग लागेको खण्डमा झोलिलो खानेकुरा प्रशस्त खाने र घरमै जीवनजल बनाएर सेवन गर्नुपर्छ । समस्या जटिल हुने अवस्था देखिएमा नजिकैको स्वास्थ्य संस्थामा तुरुन्त उपचारका लागि जानुपर्छ,' उनले सुझाए ।

उनले बाढी, पहिरोका कारण जनधनको अकल्पनीय एवं अपुरणीय क्षति भएको विद्यमान अवस्थामा सरकारले प्रभावित क्षेत्रमा जीवनजल, क्लोरिन ट्याबलेट र आवश्यक औषधिको व्यवस्थापनसहित सबै स्वास्थ्य संस्थाहरूलाई 'हाइ अलर्ट' मा रहन निर्णय गरेको जानकारी गराए ।

स्वास्थ्य मन्त्रालयका सूचना अधिकारी केसीले देशको विद्यमान विषम परिस्थितिलाई दृष्टिगत गरी आवश्यक औषधि तथा स्वास्थ्य सामगीसहित स्वास्थ्यकर्मीहरू कार्यक्षेत्रमा जुटिसकेकाले प्रभावित व्यक्ति तथा परिवारलाई सहजरुपमा स्वास्थ्य उपचार गराउने सरकारको नीति तथा कार्यक्रमलाई सहयोग गरिदिन सम्बद्ध सबैसँग अनुरोध गरे ।

# कतारमा नेपालीले मनाए बडा दसैं



**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, २० असोज

मध्यपूर्वको देश कतारमा रहेका नेपालीहरूले विजयादशमीको टीका लगाउँदै दसैंलाई भव्य रूपमा मनाएका छन् । कतारका विभिन्न स्थानमा बसोबास गर्ने नेपालीले आफ्नै निवासमा र संगठित भएका नेपालीले समूहगत रूपमा दसैं मनाएका हुन् । दसैंको टीका बिहीबार परेका कारण अधिकांशको ड्युटी परे पनि सोही दिन साँझ र शुक्रबारसहित सोमबारसम्म नेपालीहरूले टिका जमरा लगाउँदै दसैं हर्षोल्लासका साथ मनाएका हुन् ।

कतारमा स्थापित लुम्बिनी प्रदेश समन्वय परिषद् र कोसी प्रदेश समन्वय परिषद्ले आफू मातहतका जिल्लाहरू समेटेर संयुक्त रूपमा एक कार्यक्रमको आयोजना गर्दै दसैं मनायो । कतारमा स्थापित थुप्रै जिल्ला संस्थाहरूले भने टिका जमरा ग्रहण कार्यक्रमको आयोजना गरे । जिल्ला संस्थाहरूअन्तर्गत म्याग्दी प्रवासी नेपाली संघ (मोना), पर्वत समाज, बागलुङ सेवा समाज, संखुवासभा समाज, नेप्लीज फिटनेस टिम कतारले अलग अलग कार्यक्रमको आयोजना गर्दै दसैं मनाए। कतार एयरवेजमा कार्यरत नेपालीहरू मिलेर स्थापना गरेको श्री सद्भाव युवा समाजले पनि दसैं भव्य रूपमा मनायो भने ठकुरी सहयोग सञ्जाल र दाङ देउखुरी समाज, झापाली समाज कतार लगायतका संस्थाले समेत दशैंको टीका जमरा ग्रहण कार्यक्रम सम्पन्न गरे ।

कतारमा रहेका नेपाली व्यवसायी, एनआरएनए अभियन्ता, सामाजिक तथा बौद्धिक व्यक्तित्वहरूले सामूहिक, पारिवारिक र संस्थागत रूपमा टिका जमरा ग्रहणसहित दसैं भव्य रूपमा मनाएका छन्। कतारको सनैया, होमसाइड, रस्लाफान लगायताका क्याम्पभित्र रहेका नेपाली श्रमिकहरूले समेत आफ्नो कम्पनीको कम्पाउन्ड तथा आफ्नै निवासमा दसैं मनाएका छन् ।

# जेनजी आन्दोलनका ३० घाइते अझै अस्पतालमा

**काठमाडौं/मस-** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले देशका विभिन्न अस्पतालबाट लिएको पछिल्लो विवरणअनुसार जेनजी आन्दोलनका क्रममा घाइते भएका ३० जनाको उपचार भइरहेको छ । सिभिल अस्पतालमा एक जना, राष्ट्रिय ट्रमा सेन्टरमा १० जना, काठमाडौं मेडिकल कलेज शिक्षण अस्पतालमा तीन जना, त्रिवि शिक्षण अस्पतालमा पाँच जना, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानमा तीन जना, नेपाल प्रहरी अस्पतालमा एक जना र कीर्तिपुर अस्पतालमा एक जना उपचाररत छन् ।

यसैगरी बी एन्ड बी अस्पतालमा तीन जना, विराट मेडिकल शिक्षण अस्पतालमा एक जना, नोबेल मेडिकल कलेज शिक्षण अस्पतालमा एक जना र पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा एक जना गरी कुल ३० जना उपचाररत रहेको स्वास्थ्य मन्त्रालयले जनाएको छ ।

स्वास्थ्य मन्त्रालयले विभिन्न स्वास्थ्य संस्था तथा प्रादेशिक स्वास्थ्य आपत्कालीन कार्यसञ्चालन केन्द्रहरूसँग सम्पर्क एवं समन्वय गर्दा प्राप्त पछिल्लो विवरण सार्वजनिक गरेको हो ।

# मनाङको प्रदेशसभा-२ को उपनिर्वाचन स्थगन

**काठमाडौं/मस-** निर्वाचन आयोगले आगामी कात्तिक १७ गतेका लागि तोकिएको मनाङ जिल्ला प्रतिनिधिसभा निर्वाचन क्षेत्र नं १ को प्रदेशसभा निर्वाचन क्षेत्र नं २ को उपनिर्वाचनका सम्पूर्ण कार्यक्रम स्थगन गरेको छ ।

आयोगले यही असोज १९ गतेको निर्णयानुसार पूर्वप्रकाशित निर्वाचन कार्यक्रमबमोजिमका सम्पूर्ण कार्य हाललाई स्थगन गरिएको जनाएको छ। आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईद्वारा जारी विज्ञप्तिमा जनाइएको छ ।

निर्वाचन आयोग ऐन, २०७३ तथा प्रदेशसभा सदस्य निर्वाचन ऐन, २०७४ बमोजिम कात्तिक १७ का लागि तोकिएको उपनिर्वाचन गत भदौ २३ गतेदेखि भएको आन्दोलनका कारण स्थानीय प्रशासनबाट 'कर्फ्यू' आदेश जारी भई पूर्वनिर्धारित निर्वाचन कार्यतालिकाबमोजिमका कार्यक्रम कार्यान्वयनमा समेत असर परेकाले अर्को निर्वाचन कार्यक्रमपछि प्रकाशन गर्नेगरी स्थगन गरिएको विज्ञप्तिमा जनाइएको छ ।

आयोगका कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीसहितका आयुक्तले आइतबार नेपाल सरकारका अर्थमन्त्री रामेश्वरप्रसाद खनाल, गृहमन्त्री ओमप्रकाश अर्याल, कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अनिलकुमार सिन्हालगायतसँग प्रतिनिधिसभाको आगामी फागुन २१ मा हुने प्रतिनिधिसभाको निर्वाचनको तयारीका विषयमा छलफल गरेका थिए ।

छलफलमा आयोगले आफ्नो तयारी र कामकारबाहीबारे अवगत गराएको थियो भने सरकारका तर्फबाट निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, भयरहित र मितव्ययी रूपमा सम्पन्न गर्ने विषयमा आवश्यक पर्ने स्रोतसाधन, शान्तिसुरक्षाको भरपर्दो व्यवस्थासहितको सहयोग उपलब्ध हुने प्रतिबद्धता व्यक्त गरेका थिए ।

# बलान नदीको बाढीले जीर्ण बनायो तटबन्ध



**सिरहा/मस-** गत दुई दिनको अविरल वर्षाका कारण सिरहा र सप्तरीको सिमाना भएर बग्ने बलान नदीमा आएको बाढीले तटबन्ध जीर्ण बनाएको छ। केही वर्षयता बाढी र कटानको समस्या तीव्र बन्दै गएपछि गाउँको सुरक्षाका लागि करोडौं खर्चेर निर्माण गरिएको तटबन्ध फेरि भत्किन थालेपछि स्थानीय बासिन्दा पुनः चिन्तित बनेका छन् ।

लहान नगरपालिका-२३ तिलबोनामा नदी कटान रोक्न दुई वर्षअघि नगरपालिकाले रु ५० लाख, मधेस प्रदेश सरकारले रु ९५ लाख र गत वर्ष मात्रै संघीय सरकारको खाडो नदी व्यवस्थापन आयोजना कार्यालय राजविराजले रु एक करोड रूपैयाँ लगानीमा तटबन्ध निर्माण गरेका थिए। तर हालको बाढीले ती तटबन्धहरूलाई कमजोर बनाएको छ । स्थानीयका अनुसार प्रदेश सरकारको बजेटबाट बनेको तटबन्ध आधा भाग बगिसकेको छभने संघीय बजेटबाट बनेको तटबन्धमा चिरा परेका छन् र केही भाग भत्किन थालेका छन् ।

लहान नगप्रमुख महेशप्रसाद चौधरीले स्थलगत निरीक्षण गरी सम्बन्धित निकाय र निर्माण कम्पनीसँग तत्काल मर्मत कार्य गर्न समन्वय गर्ने बताए । उनका अनुसार तत्काल जेसिभी पठाएर तटबन्ध वरिपरि माटो मिलाउने काम सुरु गरिनेछ ।

नगरप्रमुख चौधरीले भने, 'स्थानीयको सुरक्षाका लागि हामी गम्भीर छौं । म आफैं स्थलगत निरीक्षणमा गएँ र सम्बन्धित ठेकेदार तथा निकायलाई तत्काल मर्मत र पुनर्निर्माण कार्य अगाडि बढाउन निर्देशन दिनेछु। नगरपालिकाले पनि सक्दो सहयोग गर्नेछ ।'

दशकौँपछि बनेको स्थायी तटबन्ध बाढीले जीर्ण बनाई दिएपछि स्थानीय बासिन्दा चिन्तित बनेका छन् । स्थानीय गंगाप्रसाद यादव भन्छन्, 'यस गाउँको ५५ बिघा जमिनको लालपुर्जा घरमा छ, तर जमिन खोलामा बगिसक्यो । यो तटबन्धले हाम्रो जमीन बचाउने आशा थियो, तर फेरि भत्किएपछि अब के होला भन्ने डर छ ।'

उनका अनुसार पछिल्ला दुई दशकमा लहान नगरपालिका-२३, सखुवा नन्कारकटी गाउँपालिका-४ र ५ तथा भगवानपुर गाउँपालिका-१ र २ मा कटानले झन्डै एक हजार बिघा उर्वर जमिन बगाएको छ । यसले किसानलाई आर्थिक रूपमा ठूलो मारमा पारेको छ । कोही सुकुम्बासी बनेका छन्भने कोही सामान्य श्रमिक जीवनयापन गर्न बाध्य छन् । तटबन्ध जीर्ण बनेसँगै सामान्य बाढीले नदी कटान गर्ने जोखिम बढेर गएको छ । स्थानीयवासीले तटबन्धलाई दीर्घकालीन समाधान हुनुपर्नेमा जोड दिएका छन् ।

# दमौली कारागारका १३५ कैदीबन्दी सम्पर्कबाहिर

**तनहुँ/मस-** जेनजी आन्दोलनका क्रममा दमौली कारागारबाट भागेका कैदीबन्दीमध्ये १९२ जनालाई पक्राउ गरिएको छ । कारागारमा महिला २० सहित कुल ३२७ रहेकामध्ये १३५ जना अझै आउँन बाँकी रहेको कारागार प्रशासनले जनाएको छ ।

त्यसैगरी कास्की, चितवन, धादिङ र काठमाडौंका गरी ४५ जनालाई नियन्त्रणमा लिएर सम्बन्धित कारागारमा पठाइसकिएको निमित्त जेलर श्यामसिं बोहराले जानकारी दिए । बेसीसहरस्थित जिल्ला कारागारको जीर्ण पर्खाल भत्किएपछि असुरक्षा बढ्दा त्यहाँका सबै कैदीबन्दीलाई दमौली र कास्कीको पोखरास्थित कारागारमा स्थानान्तरण गरिएको थियो ।

लमजुङ कारागारबाट छ महिलासहित १०९ कैदीबन्दीलाई स्थानान्तरण गरिएको थियो । दमौली कारागारमा ३१ र कास्की कारागार कार्यालयमा ७८ कैदी तथा थुनुवा गरी १०९ जनालाई पठाइएको प्रहरीले जनाएको छ । आउन बाँकी रहेका कैदीबन्दीको खोजी कार्यलाई निरन्तरता दिइएको तनहुँका प्रहरी प्रमुख प्रहरी उपरीक्षक टेकबहादुर कार्कीले जानकारी दिए ।

उनले भने, 'एक सयको हाराहारीमा कैदीबन्दी कारागार आउन सक्छन्, तर केही जघन्य अपराधका कैदीबन्दी फरार हुनसक्नेतर्फ प्रहरीले कडाइका साथ निगरानी बढाइएको छ ।'

# ‘हरिबहादुरको जुत्ता’को बक्स अफिसमा दबदबा



**काठमाडौं/मस–** दशैंको फूलपातीबाट प्रदर्शनमा आएको नेपाली चलचित्र ‘हरिबहादुरको जुत्ता’ले बक्स अफिसमा आफ्नो दबदबा कायम राखेको छ। हरिवंश आचार्य अभिनीत यो चलचित्रले प्रदर्शनको सातौं दिनसम्म आइपुग्दा देशभरका हलहरूमा सर्वाधिक सो हासिल गरेको छ। दशैंको अवसरमा रिलिज भएका अन्य दुई चलचित्र ‘बलिदान’ र ‘माइतीघर’लाई पछाडि पार्दै यो चलचित्रले दर्शकको मन जित्न सफल भएको छ।

फूलपातीको दिन रिलिज हुँदा ‘हरिबहादुरको जुत्ता’ले देशभर जम्मा १३४ सो प्राप्त गरेको थियो, जुन एकै दिन रिलिज भएका ‘बलिदान’ (२४४ सो) र ‘माइतीघर’ (१४४ सो) को तुलनामा निकै कम थियो। तर सातौं दिनसम्म आइपुग्दा यो चलचित्रले सो संख्यामा उल्लेखनीय सुधार गरेको छ। आइतबारसम्म यो चलचित्रले देशभर ११७ सो पाएको छ, जुन ‘बलिदान’ (१०७ सो) र ‘माइतीघर’ (७७ सो) भन्दा धेरै हो। यो तथ्यांकले चलचित्रको स्थिर र बलियो व्यापारिक प्रदर्शनलाई संकेत गर्छ।

चलचित्रका वितरक मनोज राठीका अनुसार दर्शकबाट प्राप्त सकारात्मक प्रतिक्रियाले हलहरूमा सो संख्या बढाउन महत्वपूर्ण भूमिका खेलेको छ। ‘दशैंको टीकापछि दर्शकको चाप निकै बढेको छ। विशेषगरी पारिवारिक दर्शकहरूको भीड हलमा देखिएको छ,’ राठीले भने। उनले छठ पर्वसम्म यो चलचित्रले राम्रो व्यापार गर्ने अनुमान गरेका छन्।

‘हरिबहादुरको जुत्ता’ले बालबालिका, किशोरकिशोरीदेखि वृद्धवृद्धासम्मलाई हलसम्म तानेको छ। लौरो टेकेर हल पुग्ने वृद्ध दर्शकहरूको उपस्थितिले यो चलचित्रको व्यापक अपिललाई झल्काउँछ। दर्शकहरूले चलचित्रको कथावस्तु, हास्य रस, कलाकारहरूको जीवन्त अभिनय र मधुर संगीतको खुलेर प्रशंसा गरेका छन्। सामाजिक सञ्जालमा पनि यो चलचित्रले सकारात्मक चर्चा बटुलिरहेको छ।

‘यो चलचित्रले हामीलाई हाँस्न र भावुक हुन दुवै अवसर दियो। हरिवंश दाइको अभिनय सधैंझैं लोभलाग्दो छ,’ काठमाडौंको एक हलमा भेटिएका दर्शक सुमन कार्कीले भने।

दीपेन्द्र के. खनालद्वारा निर्देशित यो चलचित्रमा हरिवंश आचार्यले आफ्नो चर्चित पात्र ‘हरिबहादुर’लाई पुनर्जनन दिएका छन्। यो पात्रले दर्शकलाई हँसाउनुका साथै सामाजिक सन्देश पनि प्रवाह गर्छ। चलचित्रमा स्वस्तिमा खड्का, प्रकाश सपूत, प्रियंका कार्की, हरिहर शर्मा, दिव्यदेव पन्त, किरण केसी, राजाराम पौडेल, दिनेश काफ्ले, सीता न्यौपाने र कमलमणी नेपालजस्ता कलाकारहरूको अभिनयले कथालाई थप जीवन्त बनाएको छ।

एसएम मोसन पिक्चर्सको ब्यानरमा बनेको यो चलचित्रका निर्माता सरोज ओली र मोहितवंश आचार्य हुन्। चलचित्रको कथा, हास्य, र भावनात्मक दृश्यहरूको संयोजनले यो दशैंको रमझममा दर्शकका लागि विशेष मनोरञ्जन बनेको छ।

दशैंको फूलपातीमा रिलिज भएका तीन वटै चलचित्रले सुरुवातमा राम्रो व्यापार गरे पनि ‘हरिबहादुरको जुत्ता’ले सातौं दिनसम्म आइपुग्दा शीर्ष स्थान कायम राख्न सफल भएको छ। ‘बलिदान’ र ‘माइतीघर’को सो संख्या क्रमशः घट्दै गएको छ, तर ‘हरिबहादुरको जुत्ता’ले भने स्थिर गति कायम राखेको छ।

चलचित्र विश्लेषकहरूका अनुसार, यो चलचित्रको सफलताको कारण दर्शकसँगको भावनात्मक सम्बन्ध र परिवारसँग बसेर हेर्न सकिने कथावस्तु हो। ‘यो चलचित्रले हास्य र सामाजिक सन्देशको सन्तुलन कायम गरेको छ। दशैंको रमाइलो माहोलमा यस्ता चलचित्रले दर्शकको मन जित्छ,’ चलचित्र विश्लेषक रमेश पराजुलीले भने।

हलहरूमा दर्शकको चाप र सकारात्मक प्रतिक्रियाले यो चलचित्रले बक्स अफिसमा लामो समयसम्म आफ्नो प्रभाव कायम राख्ने संकेत गरेको छ। यो चलचित्रको बक्स अफिस यात्रा र दर्शकको उत्साहले नेपाली चलचित्र उद्योगमा नयाँ उत्साह थपेको छ।

# ‘माइतीघर’को भिडियो प्रतियोगितामा दुई विजेता घोषित



**काठमाडौं/मस–** फूलपातीको अवसरमा देशभरका हलहरूमा प्रदर्शनमा आएको नेपाली चलचित्र ‘माइतीघर’ले दर्शकहरूबाट उत्साहजनक प्रतिक्रिया पाइरहेको छ। यो चलचित्रले पहिलो दिनदेखि नै बक्स अफिसमा राम्रो व्यापार गर्नुका साथै दर्शकको मन जित्न सफल भएको छ। चलचित्रको कथा, प्रस्तुति र कलाकारहरूको जीवन्त अभिनयले दर्शकहरूको प्रशंसा बटुलेको छ।

चलचित्रको प्रचार-प्रसारका लागि आयोजना गरिएको शीर्ष गीत ‘बसन्त नै बस्न खोज्छ यहाँ लोलाएर’ मा आधारित भिडियो प्रतियोगिताको नतिजा सार्वजनिक गरिएको छ। यो प्रतियोगितामा देशभरबाट एक हजारभन्दा बढी सहभागीले आफ्ना सृजनात्मक भिडियोहरू पठाएका थिए। तीमध्ये बुटवलका दुई समूहले विजेताको उपाधि हासिल गरेका छन्। बुटवलका सुरज सिञ्जाली मगर र कालिकानगरस्थित नाश्री डान्स एकेडेमीको बालिका समूहले यो प्रतियोगिता जितेका हुन्।

प्रतियोगिताको निर्णायक मण्डलमा रहेका प्रख्यात नृत्य निर्देशक कबिराज गहतराजले दुवै समूहको प्रस्तुतिलाई समान रूपमा उत्कृष्ट ठहर गर्दै विजेता घोषणा गरे। निर्माण पक्षले सुरुमा पाँच लाख नगद पुरस्कारको घोषणा गरेको थियो, तर दुवै समूहको प्रदर्शन बराबर भएकाले पुरस्कार रकम बाँडेर जनही साढे दुई लाख प्रदान गरिने भएको छ।

मिलन तामाङद्वारा निर्देशित ‘माइतीघर’ तामाङ समुदायको संस्कृति र परम्परालाई केन्द्रमा राखेर बनाइएको चलचित्र हो। यो चलचित्रले माइती र चेलीबीचको भावनात्मक सम्बन्धलाई मार्मिक ढंगले प्रस्तुत गरेको छ। चलचित्रमा केदारप्रसाद घिमिरे (माग्ने बुढा), धीरज मगर, प्रकाश सपुत, उपासना सिंह ठकुरी, श्यामाश्री शेर्पा, युवराज लामा, बुद्धि तामाङ, शिशिर वाङ्देललगायतका कलाकारहरूको अभिनय रहेको छ। खासगरी, कलाकारहरूको जीवन्त अभिनय र कथावस्तुले दर्शकलाई भावुक बनाएको छ।

फूलपातीको दिनबाट प्रदर्शनमा आएको यो चलचित्रले देशभरका हलहरूमा ५० प्रतिशतभन्दा माथिको अकुपेन्सी कायम राख्न सफल भएको छ। निर्माण पक्षका अनुसार, पहिलो दिनदेखि नै दर्शकको उत्साहजनक उपस्थिति र सकारात्मक प्रतिक्रियाले टिमलाई थप हौसला मिलेको छ। निर्माता रोहित अधिकारीले भने, ‘हामीले दर्शकको माया र साथ पाइरहेका छौं। यो चलचित्रले तामाङ संस्कृतिको सुन्दर पक्षलाई उजागर गर्नुका साथै नेपाली समाजको भावनालाई समेटेको छ।’

चलचित्रको शीर्ष गीतमा आधारित भिडियो प्रतियोगिताले पनि दर्शकहरूमा उत्साह थपेको छ। प्रतियोगितामा सहभागी भएका एक हजारभन्दा बढी भिडियोहरूमध्ये बुटवलका सुरज सिञ्जाली मगर र नाश्री डान्स एकेडेमीको बालिका समूहको प्रस्तुति निकै रचनात्मक र आकर्षक रहेको निर्णायक गहतराजले बताए। ‘दुवै समूहको प्रस्तुति निकै उत्कृष्ट थियो। हामीले धेरै मिहिनेत गरेर यी दुई विजेता छनोट गरेका हौं,’ उनले भने।

रोहित अधिकारी फिल्म्सको ब्यानरमा निर्मित यो चलचित्रले तामाङ समुदायको संस्कृति, परम्परा र माइती-चेलीको सम्बन्धलाई गहिराइमा पुगेर देखाएको छ। चलचित्रले मनोरञ्जनका साथै सामाजिक सन्देश पनि बोकेको छ। दर्शकहरूले यो चलचित्रलाई परिवारसँग बसेर हेर्न सकिने रचनात्मक कृति भनेका छन्।

# भर्जिनियाबाट प्रस्तुति नदिई फर्किए आशिष अविरल



**काठमाडौं/मस–** नेपाली गायक तथा संगीतकार आशिष अविरलले अमेरिकाको भर्जिनियामा आयोजित एक सांगीतिक कार्यक्रममा प्रस्तुति नदिई फर्किएको घटनाले चर्चा पाएको छ। थ्री ई इन्टरटेनमेन्टद्वारा आयोजित ‘डिटी फेस्ट भर्जिनिया २०२५’ मा उनले स्टेजमा उक्लिए पनि गीत नगाई फर्किएका हुन्। यो घटनाको जानकारी उनले आफ्नो सामाजिक सञ्जालमार्फत सार्वजनिक गरेका छन्।

आशिष अविरलले आयोजकले आफूलाई अपमानजनक व्यवहार गरेको आरोप लगाएका छन्। उनले सामाजिक सञ्जालमा लेखेका छन्, ‘मलाई दर्शक नजुट्दै स्टेजमा चढ्न दबाब दिइयो। आयोजकले मान्छे तपाईंले नै जुटाउनुपर्छ भने। यो कुरा मलाई बिल्कुल स्वीकार्य छैन।’ उनले प्रश्न उठाउँदै भने, ‘दर्शक जुटाउने जिम्मेवारी आयोजकको हो कि कलाकारको?’ उनका अनुसार, कार्यक्रममा दर्शकको उपस्थिति न्यून थियो र आयोजकले उनलाई ‘वार्मअप’का लागि गाउन दबाब दिए। ‘दर्शक नआइसकेको अवस्थामा गाउनु भनेको मेरो कला र पेशाप्रतिको अपमान हो। यसले गलत सन्देश पनि जान सक्छ,’ अविरलले थपे।

आयोजकले सुरुमा अविरल र गायिका अस्मिता अधिकारीलाई सँगै प्रस्तुति दिने तालिका बनाएका थिए। तर अस्मिता अधिकारीले व्यस्तताका कारण कार्यक्रममा सहभागी हुन नसकेपछि अविरल एक्लै भर्जिनियास्थित कार्यक्रमस्थल पुगेका थिए। आयोजकले उनीहरूको प्रस्तुति साँझ ५ बजेको लागि तय गरेको थियो। अविरलले आयोजकको यो व्यवहारले आफूलाई अपमानित महसुस भएको बताए। ‘डिटी फेस्ट भर्जिनिया २०२५’ मा अविरलका अतिरिक्त गायक महेश काफ्ले र नितेशजंग कुँवरले पनि प्रस्तुति दिएका थिए। यद्यपि, अविरलको प्रस्तुति नहुनुले कार्यक्रमको माहोलमा केही प्रभाव परेको अनुमान गरिएको छ।

यो घटनाले कलाकार र आयोजकबीचको सम्बन्धमा पनि प्रश्न उठाएको छ। अविरलले आफ्नो कुरा राख्दै भने, ‘हामी कलाकारहरूले आफ्नो कला प्रस्तुत गर्नका लागि मञ्चमा उभिन्छौं, तर आयोजकले आधारभूत तयारी नगर्दा हाम्रो आत्मसम्मानमाथि ठेस पुग्छ।’ उनले भविष्यमा यस्ता घटना नदोहोरियोस् भन्ने अपेक्षा व्यक्त गरेका छन्।

कर्णाली प्रदेश सरकार
खानेपानी, सिंचाई तथा उर्जा विकास कार्यालय
सल्यान

आर्थिक प्रस्ताव खोल्ने बारेको सूचना

प्रकाशित मिति : २०८२/०६/२१

यस कार्यालयबाट मिति २०८२/०५/०१ गते “नयाँ पत्रिका” राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित तपशिलमा उल्लेखित ठेक्का नं. र कार्यविवरण सँग सम्बन्धित निर्माण कार्यको लागि रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरुको प्राविधिक प्रस्ताव खोली मूल्याङ्कन समितिले मूल्याङ्कन गर्दा निम्न बोलपत्रदाता योग्यताका सम्पूर्ण आधारहरुमा सफल भई सारभूतरुपमा प्रभावग्राही भएको हुँदा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ज) को उपनियम (५) बमोजिम निम्न सारभूतरुपमा प्रभावग्राही बोलपत्रदाताको आर्थिक प्रस्ताव मिति २०८२/०६/२८ गते बिहान ११:०० बजे यस कार्यालयमा खोलिने भएकोले सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशिल

| सि.नं. | ठे.नं. तथा कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | 01/082-083/NCB/WORKS/WSP/WSIEDO/SALYAN (Construction of Mulkhola Tharaa Kupindey Paarigaun Kauchey Lift Water Supply Project, Bangaad Kupindey Municipality- 8,Salyan) | १. श्री भूमी निर्माण सेवा, रोल्पा | |

कार्यालय प्रमुख

एनएमबि बैंक लिमिटेड बबरमहल, काठमाडौंको तपसिलको ऋणीहरुलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ (पैंतीस) दिने सूचना

(प्रकाशित मितिः २०८२।०६।२१ को मध्यान्ह राष्ट्रिय दैनिक)

यस बैंकको तपसिलमा उल्लेखित ऋणीहरूले विभिन्न कर्जा शिर्षक अन्तर्गत लिएको ऋणकर्जाको तोकिएको समयावधी भित्रमा तिर्नु बुझाउनु पर्ने रकमहरु तिर्न बुझाउनका लागि पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत नतिरी, नबुझाई ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरुको उल्लंघन गर्नु भएकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न ल्याउने बारेको यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र यस बैंकमा सम्पर्क राखी तपाई ऋणीहरूले लिएको ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज लगायत अन्य दायित्वहरु समेत चुक्ता भुक्तान गर्नुहोला। उपरोक्त तोकिएको म्यादभित्र बैंकलाई तिर्नु, बुझाउनु पर्ने सम्पूर्ण रकम (साँवा, ब्याज, हर्जाना ब्याज आदि) नबुझाएमा प्रचलित कानून तथा ऋणी र यस बैंकबीच भएको लिखतको शर्त अनुसार ऋणी तथा व्यक्तिगत/सामुहिक जमानतकर्ताहरुको नाम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गरिने तथा प्रचलित कानून बमोजीम अन्य कानूनी कारवाहीहरुको प्रकृया थालनी गरिने व्यहोरा समेत सम्बन्धित ऋणी, व्यक्तिगत/सामूहिक जमानी दिनु हुने जमानतकर्ता महानुभावहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराउँदछौं।

तपसिल

ऋणी, कर्जा शिर्षक र व्यक्तिगत जमानतकर्ताहरुको विवरणः

**१. ऋणीको नामः सन्तोष राना** **कर्जा शिर्षकः** सहुलियत आवधिक कर्जा
ना.प्र.प.नं (जारी मिति/स्थान): ५६५६५(२०५७/०८/१३/नवलपरासी), बाजेको नामः चुरामणी राना, बाबुको नामः मन बहादुर राना, ठेगानाः नवलपरासी जिल्ला, त्रिवेणी सुस्ता गा.वि.स., वडा नं. ८ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, कावासोती न.पा., वडा नं. १६।
**व्यक्तिगत जमानतकर्तारूः**
**क. नुन रूपा रानाः** ना.प्र.प.नं (जारी मिति/स्थान): ३६-०६-७४/०१२८४(२०७४/०४/१७/नवलपरासी), बाबुको नामः भिम बहादुर थापा, ससुराको नामः मन बहादुर राना, पतिको नामः सन्तोष राना, ठेगानाः नवलपरासी जिल्ला, विनयी त्रिवेणी गा.पा., वडा नं. ६ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, कावासोती न.पा., वडा नं. १६।
**ख. शालिकराम इटनीः** ना.प्र.प.नं (जारी मिति/स्थान): १३३९२(२०५०/०१/२०/नवलपरासी), बाजेको नामः रामकृष्ण इटनी, बाबुको नामः रामचन्द्र इटनी, ठेगानाः नवलपरासी जिल्ला, अग्यौली गा.वि.स., वडा नं. ५ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, कावासोती न.पा., वडा नं. ८।

**२. ऋणीको नामः गिता भट्टराई** **कर्जा शिर्षकः** आवधिक कर्जा
ना.प्र.प.नं (जारी मिति/स्थान): ३७३०१४/४०१(२०६३/११/२५/रुपन्देही), बाबुको नामः धनश्याम भण्डारी, ससुराको नामः हिरालाल भट्टराई, पतिको नामः महेन्द्र भट्टराई, ठेगानाः रुपन्देही जिल्ला, आनन्दवन गा.वि.स., वडा नं. ६ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, का.म.न.पा., वडा नं. १, नक्साल।
**व्यक्तिगत जमानतकर्ताः**
**महेन्द्र भट्टराईः** ना.प्र.प.नं (जारी मिति/स्थान): २/४५७(२०५०/०२/१४/रुपन्देही), बाजेको नामः नन्दलाल भट्टराई, बाबुको नामः हिरालाल भट्टराई, ठेगानाः रुपन्देही जिल्ला, आनन्दवन गा.वि.स., वडा नं. ६ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, का.म.न.पा., वडा नं. १, नक्साल।

**३. ऋणीको नामः शोभा न्यौपाने** **कर्जा शिर्षकः** आवधिक कर्जा
ना.प्र.प.नं (जारी मिति/स्थान): ३७१००६/१/२४९९१(२०६५/०८/११/रुपन्देही), बाबुको नामः पारसमणी भण्डारी, ससुराको नामः बाल कृष्ण न्यौपाने, पतिको नामः हरिलाल न्यौपाने, ठेगानाः रुपन्देही जिल्ला, करहिया गा.वि.स. वडा नं. ९ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. ११, कालिकानगर।
**व्यक्तिगत जमानतकर्ताः**
**हरिलाल न्यौपानेः** ना.प्र.प.नं (जारी मिति/स्थान): ४१६४(२०५२/१२/२०/गुल्मी), बाजेको नामः गौरीश्वर न्योपाने, बाबुको नामः बाल कृष्ण न्यौपाने, ठेगानाः गुल्मी जिल्ला, अर्वेनी गा.वि.स., वडा नं. ४ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. ११, कालिकानगर।

**४. ऋणीको नामः शोभा न्यौपाने** **कर्जा शिर्षकः** क्रेडिट कार्ड
ना.प्र.प.नं (जारी मिति/स्थान): ३७१००६/१/२४९९१(२०६५/०८/११/रुपन्देही), बाबुको नामः पारसमणी भण्डारी, ससुराको नामः बाल कृष्ण न्यौपाने, पतिको नामः हरिलाल न्यौपाने, ठेगानाः रुपन्देही जिल्ला, करहिया गा.वि.स. वडा नं. ९ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. ११, कालिकानगर।

**५. ऋणीको नामः मिन प्रसाद गुरूङ** **कर्जा शिर्षकः** डिजिटल खेती कर्जा
ना.प्र.प.नं (जारी मिति/स्थान): २२६०५(२०५०/०९/१८/कास्की), बाजेको नामः खडक सिं गुरूङ, बाबुको नामः सेर बहादुर गुरूङ, ठेगानाः कास्की जिल्ला, सिल्दुजुरे गा.वि.स वडा नं. ७।

**६. ऋणीको नामः सुदिप नकर्मी** **कर्जा शिर्षकः** क्रेडिट कार्ड
ना.प्र.प.नं (जारी मिति/स्थान): २७-०१-७४-०१३१७(२०७४/०२/०८/काठमाडौं), बाजेको नामः फिटु मान नकर्मी, बाबुको नामः सुब्बा नकर्मी, ठेगानाः काठमाडौं जिल्ला, गोकर्णेश्वर न.पा. वडा नं. ५ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, का.म.न.पा, वडा नं. ५, पुरानो बानेश्वर।

**७. ऋणीको नामः विरेन्द्र बहादुर थापा** **कर्जा शिर्षकः** क्रेडिट कार्ड
ना.प्र.प.नं (जारी मिति/स्थान): ५२७/१२१८(२०४५/०१/१५/सिरहा), बाजेको नामः डम्बर बहादुर थापा, बाबुको नामः यम्बर बहादुर थापा, ठेगानाः सिरहा जिल्ला, वडहरामाल गा.वि.स. वडा नं. ०५ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ०९, गैरीगाउँ।

NMB BANK एनएमबि बैंक समृद्ध नेपालको लागि
A JOINT VENTURE WITH FMO Entrepreneurial Development Bank The Netherlands
Member of: Global Alliance for Banking on Values

एनएमबि बैंक लिमिटेड
कर्जा असूली विभाग, नक्साल, काठमाण्डौं
सम्पर्क नं. ९७७-०१-४५४६४५४, ०१-४५३८६४७, ९८५११३९४१९

Joshipur Rural Municipality
Water Sector Governance and Infrastructure Support Project
Joshipur Project Implementation Unit
Joshipur, Kailali

Notice for Opening of Price Bids

Date of publication: 7th October, 2025

This is to notify to all the bidders, who have submitted technical and price bids for the **Construction of Pataopur Water Supply Project Contract Identification No.: NP-DWSSM-484026-CW-RFB.** as per invitation for bid notice published on 29th July, 2025 in Madhyanha Daily Newspaper. As per the Technical Bid Evaluation following bidders have been substantially responsive for this project.

| S.N. | Successful Bidders Name, Address | Remarks |
|---|---|---|
| 1 | C.A.B. Construction Pvt. Ltd, Jawalakhel, Lalitpur | |
| 2 | Bhimeshwor Drilling Tatha Nirman Sewa Pvt. Ltd., Suryabinayak-4, Bhaktapur | |
| 3 | Lama-Dunila JV, Maharajgunj, Kathmandu | |
| 4 | Prasansa-Jayashree JV, Dhangadi-3, Kailali | |
| 5 | A.M. Construction Pvt. Ltd. Gwarko, Lalitpur | |
| 6 | Mrit Sanjiwoni- N & K J.V, Manthali Municiplaity, Ramechhap | |
| 7 | SWAMINARAYAN / P. S. JV, Naubasta-8, Banke | |
| 8 | Uchhakoti NS-Uchhakoti DCC JV, Dhangadi-3, Kailali | |

We would like to invite above mentioned Successful Bidder in the opening of price bids in the following Date, Time and Venue.
Date: 14th October, 2025
Time: 2:00 PM
Venue: Project Implementation Unit, Janaki Rural Municipality, Durgauli, Kailali.

**Project Manager**

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

कम्पनीको हकदावी सम्बन्धी सूचना

यस कार्यालयमा मिति २०५९/१२/०६ मा दर्ता भएको श्री **एन. एन. सप्लायर्स एण्ड कन्सल्टण्ट प्रा.लि. (दर्ता नं. २३०९९)** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

# भियतनामसँग खेल्न जाने नेपाली टोलीको बिदाइ



**काठमाडौं/मस-** एएफसी एसियन कप छनोटअन्तर्गत भियतनामविरुद्धको दुई खेलका लागि नेपाली राष्ट्रिय फुटबल टोली मंगलबार भियतनाम प्रस्थान गर्दैछ। अखिल नेपाल फुटबल संघ (एन्फा)ले सोमबार ललितपुरस्थित एन्फा कम्प्लेक्समा एक विशेष कार्यक्रम आयोजना गरी टोलीको बिदाइ गरेको छ। राष्ट्रिय खेलकुद परिषद् (राखेप) का सदस्य सचिव टंकलाल घिसिङ, एन्फा कार्यवाहक महासचिव बद्री भट्टराईलगायतले शुभकामना दिँदै टोलीलाई बिदाइ गरे।

नेपालले भियतनामविरुद्धको दुई खेलमध्ये एक खेल घरेलु मैदानमा खेल्ने तालिका थियो। तर दशरथ रंगशाला अन्तर्राष्ट्रिय मापदण्डअनुसार अयोग्य ठहरिएपछि दुवै खेल भियतनाममा हुने भएका छन्। एएफसीले नेपाललाई न्युट्रल मैदान खोज्न निर्देशन दिए पनि उपयुक्त मैदान नभेटिएकाले होम म्याचसमेत भियतनामको बिन दुंग रंगशालामा खेलिनेछ। नेपालले पहिलो खेल असोज २३ गते र दोस्रो खेल असोज २८ गते भियतनाममा खेल्नेछ।

प्रमुख प्रशिक्षक म्याट रसले भियतनामविरुद्धको होम र अवे म्याचका लागि २३ सदस्यीय अन्तिम टोली घोषणा गरेका छन्। कप्तान किरण चेम्जोङको नेतृत्वमा रहेको यो टोलीमा गत महिना बंगलादेशविरुद्धको मैत्रीपूर्ण खेलमा सहभागी नभएका पाँच खेलाडीको पुनरागमन भएको छ। एएफसी यू-२३ एसियन कप छनोट खेलेर फर्किएका आयुष घलान, सुमित श्रेष्ठ र कृतिश रत्न छुन्जु सिनियर टोलीमा फर्किएका छन्। यस्तै, चोटमुक्त भएका गोलकिपर विशाल सुनार, डिफेन्डरद्वय विमल पाण्डे र सनिश श्रेष्ठले पनि टोलीमा स्थान बनाएका छन्।

यसअघि प्रशिक्षक रसले प्रारम्भिक चरणमा ३३ खेलाडीलाई बोलाएका थिए। तर टेकेन्द्र थापा, आदित्य शाक्य, अमित लामा, अञ्जल श्रेष्ठ, दीपेन्द्र बिक, दीपेश गुरुङ, निराजन धामी, समिर तामाङ र सन्तोष खत्री अन्तिम टोलीबाट बाहिरिएका छन्। बंगलादेशविरुद्धको टोलीबाट रनदिन पौडेल र सृजन राज पनि बाहिरिएका छन्।

एएफसी एसियन कप छनोटको समूह 'एफ' मा नेपालसँगै मलेसिया, लाओस र भियतनाम छन्। नेपालले समूह चरणमा हालसम्म दुई खेल खेलेको छ, तर मलेसिया र लाओसविरुद्धको अवे म्याचमा पराजय भोग्दै अंक जोड्न सकेको छैन। भियतनामविरुद्धको खेलमा जित हासिल गरी अंक तालिकामा सुधार गर्ने नेपालको लक्ष्य छ।

कप्तान किरण चेम्जोङ हाल बंगलादेशमा लिग खेलिरहेका छन्। उनी बंगलादेशबाट सिधै भियतनाम पुगेर टोलीमा सामेल हुनेछन्।

प्रमुख प्रशिक्षक म्याट रसले टोलीको तयारी र रणनीतिमा विशेष ध्यान दिएका छन्। भियतनामविरुद्धको खेल कठिन हुने भए पनि टोलीले सकारात्मक नतिजा ल्याउने अपेक्षा गरिएको छ। रसले युवा र अनुभवी खेलाडीको संयोजनले टोलीलाई सन्तुलित बनाएको बताएका छन्।

नेपाली फुटबल समर्थकहरूले टोलीले भियतनामविरुद्ध उत्कृष्ट प्रदर्शन गर्नेमा आशावादी छन्। दशरथ रंगशालामा होम म्याच नहुने भए पनि समर्थकहरूले सामाजिक सञ्जालमार्फत टोलीलाई हौसला प्रदान गरिरहेका छन्।

एन्फाले पनि समर्थकहरूलाई टोलीलाई समर्थन गर्न र खेलको प्रत्यक्ष प्रसारण हेर्न अपिल गरेको छ। भियतनामविरुद्धको खेल नेपाली समयअनुसार साँझ ७ बजे बिन दुंग रंगशालामा सुरु हुनेछ।

नेपालको टोलीमा अभिषेक लिम्बु, अनन्त तमाङ, अञ्जन विष्ट, एरिक विष्ट, आयुष घलान, बिमल पाण्डे, बिशाल सुनार (गोलरक्षक), दीप कार्की (गोलरक्षक), दिनेश हेन्जन, जिलेस्पी जङ कार्की, किरण कुमार लिम्बु (गोलरक्षक), कृतिश रत्न छुन्जु, कुशल देउवा, लकेन लिम्बु, मणि कुमार लामा, मनिष डाँगी, रोहित चन्द, रोहन कार्की, सनिश श्रेष्ठ, सुबास ठकुरी बम, सुमित श्रेष्ठ, सुमन श्रेष्ठ र योगेश गुरुङ रहेका छन्।

# दोस्रो अभ्यास खेलमा कतारमाथि नेपालको सहज जित



**काठमाडौं/मस-** विश्वकप छनोट प्रतियोगिताको तयारीमा ओमानमा रहेको नेपाली क्रिकेट टोलीले दोस्रो वार्मअप खेलमा पनि शानदार प्रदर्शन गर्दै सहज जित निकालेको छ।

सोमबारको खेलमा नेपालले कतारलाई १६ रनले पराजित गरेको हो। यसअघि शनिबार भएको पहिलो अभ्यास खेलमा नेपालले घरेलु टोली ओमानलाई ६ विकेटले पराजित गरेको थियो।

सोमबार नेपालले दिएको १७१ रनको लक्ष्य पछ्याएको कतारले ६ विकेटको क्षतिमा १५४ रन जोड्न सफल भयो।

कतारका लागि मुहमद तनविरले ५१ रन, मुहमद असिमले ३० रन र मोहमद ब्रइगले ४० रन बनाए।

बलिङमा नेपालका करण केसीले ३ विकेट लिए भने ललित राजवंशी, नन्दन यादव र दीपेन्द्रसिंह ऐरीले १-१ विकेट लिए।

आयोजक ओमानमा दोस्रो अभ्यास खेलमा टस जितेर पहिले ब्याटिङ गरेको नेपालले ७ विकेटको क्षतिमा १७० रन बनाएको थियो।

नेपालका लागि आक्रामक ब्याटिङ गरेका ओपनिङ ब्याटर कुशल भुर्तेलले ३३ बलमा ५ चौका र ३ छक्काको मद्दतमा ५६ रन बनाए। अर्का ओपनर आसिफ शेख ११ रन तथा कप्तान रोहितकुमार पौडेल ८ रनमा आउट भएका थिए। दीपेन्द्रसिंह ऐरीले २१ बलमा १ चौका र ३ छक्का प्रहार गर्दै ३८ रन बनाउँदा कुशल मल्लले पनि नटआउट ३८ रन नै जोडे। कुशलले २९ बलमा १ चौका र २ छक्का हाने।

सन्दीप जोरा १ रन र लोकेश बम २ रनमा आउट भए भने आरिफ शेखले ९ बलमा १३ रन बनाए। बलिङमा कतारका शारिक मुनिर र इक्रामुल्लाहले २-२ विकेट लिए।

नेपालले युएईमा वेस्ट इन्डिजमाथि २-१ ले सिरिज जितेर ओमान पुगेको हो।

